लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं । वर्ष १५, अंक २०५, काठमाडौं, मंगलबार २१ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Tuesday 5 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-



नेपाल नफर्कने घोषणा... पृष्ठ ८

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108

# बेलहियाबाट २४ घन्टाभित्रै पेट्रोल/ग्याँस हटाउन निर्देशन

**श्यामशंकर पाण्डे/राजधानी**
भैरहवा, २० पुस

स्थानीय प्रशासनले रूपन्देहीको बेलहिया क्षेत्रमा अनधिकृत रूपमा भण्डारण गरिएका ग्याँस तथा पेट्रोलियम पदार्थ २४ घन्टाभित्र हटाउन निर्देशन दिएको छ । इलाका प्रहरी कार्यालय बेलहियाले सोमबार स्थानीय संघ/संस्था तथा व्यापारीहरूलाई बोलाएर अनधिकृत रूपमा भण्डारण गरिएका ग्याँस तथा पेट्रोलियम पदार्थ २४ घन्टाभित्र हटाउन निर्देशन दिएको हो ।

प्रहरीले निर्देशनको अवज्ञा गरी २४ घन्टाभित्र नहटाए कारबाही गर्ने चेतावनी दिएको छ । 'घरमा राखिएको ग्याँस तथा पेट्रोलियम पदार्थ २४ घन्टाभित्र हटाउन र अब भण्डारण नगर्न आग्रह गरेका छौं,' इलाका प्रहरी कार्यालय बेलहियाका प्रमुख प्रहरी निरीक्षक अभयविक्रम शाहले राजधानीसँग भने, '२४ घन्टाभित्र नहटाए कारबाही थाल्छौं ।' भारतीय सीमा क्षेत्रसँग जोडिएको बेलहिया इन्धनको अनधिकृत भण्डारणले भीषण विस्फोटको जोखिममा रहेको समाचार राजधानी दैनिकमा प्रकाशित भएपछि स्थानीय प्रशासनले चासो देखाएको हो ।

प्रहरी निरीक्षक शाहका अनुसार जोखिम निकै बढेपछि भण्डारण गरिएको ग्याँस तथा पेट्रोलियम पदार्थ हटाउने र अब आइन्दा भण्डारण नगर्न स्थानीयवासी र व्यापारीसमेत सहमत भएका छन् । बेलहियामा कालोबजारीका लागि भण्डारण गरिएको पेट्रोलियम पदार्थमा पटकपटक आगजनी भएपछि ठुलो क्षति हुन सक्ने आशंकाले अनधिकृत रूपमा भण्डारण गरिएको पेट्रोलियम पदार्थ हटाउने निर्णय भएको उनले बताए । यस्तै, बेलहियासँगै नौडीहवामा पनि अवैध रूपमा भण्डारण गरिएको पेट्रोलियम पदार्थ हटाउन निर्णय भएको छ । कसैले भण्डारण गरेको अथवा कालोबजारी गरेको पाए कडा कारबाही गर्ने प्रहरीले जनाएको छ ।

बेलहिया नाकाबाट छुट्ने लामो तथा छोटो दुरीका सवारी साधनले आफ्नो सवारीको प्रयोजनबाहेकको इन्धनसमेत अब बोक्न पाउनेछैनन् ।



*भारतबाट अवैध रूपमा ल्याइएको डिजेल बेलहियाको एक घरबाट बिक्री गरिँदै ।* **तस्बिर : राजधानी**

- अब भण्डारणमा रोक
- नौडिहवामा पनि हटाउने निर्णय
- यात्रुवाहक बसले इन्धन बोक्न नपाउने

(बाँकी पृष्ठ ३ मा)

# पुनर्निर्माण कार्ययोजना ल्याउँदै प्राधिकरण

## २ माघअगावै सार्वजनिक गर्ने तयारी

## क्षेत्र, लक्ष्य र प्रतिफलसहितको कार्यतालिका

**भीम गौतम/राजधानी**
काठमाडौं, २० पुस

भूकम्पपछिको पुनर्निर्माण प्राधिकरणले आगामी पाँच वर्षभित्र गर्ने पुनर्निर्माणको कार्ययोजना सार्वजनिक गर्ने भएको छ । आगामी २ माघदेखि पुनर्निर्माण शुभारम्भ गर्ने लक्ष्य राखेको प्राधिकरणले त्यसअघि नै पुनर्निर्माण कार्ययोजना सार्वजनिक गर्न लागेको हो ।

भूकम्पका कारण क्षतिग्रस्त सबै क्षेत्रलाई समेटेर स्पष्ट कार्यतालिकासहितको कार्ययोजना सार्वजनिक गर्न लागिएको प्राधिकरणका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीले जानकारी दिए । 'कुन क्षेत्रमा केके लक्ष्य राख्ने र त्यसको प्राप्ति कहिलेसम्म गर्ने भनेर स्पष्ट मार्गचित्रसहितको कार्ययोजना बनाउँछौं,' सीईओ ज्ञवालीले भने । कार्ययोजनामा भूकम्पबाट क्षतिग्रस्त सबै संरचनामा गर्ने कार्यक्रम र त्यसबाट प्राप्त गर्ने लक्ष्यहरू उल्लेख हुनेछन् ।

विशेषगरी जनताको आवास निर्माण, जलविद्युत्, वन, पर्यटन, यातायात, संस्कृति, कृषि, खानेपानी र सरसफाइलगायत प्रकोपपछिको क्षति आवश्यकता आँकलन (पीडीएनए) ले समेटेको क्षेत्रका पुनर्निर्माणबारे कार्ययोजनाले लक्ष्य र उपलब्धिका सूचांकहरू समेट्नेछ । पुनर्निर्माण प्राधिकरणले यसका लागि कार्यान्वयन गर्ने सरोकारवाला मन्त्रालयहरूसँग छलफल अघि बढाउनुका साथै आवश्यक ऐन, नियम, कार्यविधि र नीतिबारे तयारीसमेत अघि बढाएको छ । 'कार्यान्वयन गर्ने सरोकारवाला मन्त्रालयहरूसँगको छलफल पनि अघि बढाएका छौं,' उनले भने, 'भावी कार्यक्रम बनाएर छिट्टै नै पुनर्निर्माणको काम अघि बढाउँछौं ।' पुनर्निर्माण काम अघि बढाउन पुनर्निर्माण प्राधिकरणको पूर्णता नदिनु तथा भूकम्पपछिको पुनर्निर्माण ऐनमा उल्लिखित परामर्श र निर्देशन समितिलाई पूर्णता नदिँदा पुनर्निर्माणको काम अघि बढाउन प्राधिकरणलाई समस्या परेको छ तर सीईओ ज्ञवाली प्राधिकरणको संरचनाले चाँडै पूर्णता पाउने बताउँछन् ।



'पुनर्निर्माणको काम अघि बढाउन जनशक्ति व्यवस्थापन लगायतका थुप्रै आधारभूत काम गर्न बाँकी छन् । द्रुतगतिमा ऐन, नियम, कार्यविधिदेखि कार्यान्वयनसम्मको खाका बनाउने तयारीमा जुटेका छौं,' उनले भने, 'भूकम्प गएको नौ महिनासम्म पनि पुनर्निर्माण अघि नबढेपछि जनताले छिटो पुनर्निर्माण अघि बढोस् भन्ने चाहना स्वाभाविक हो ।'

सरकारले भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूमध्ये आवासका लागि २ लाख अनुदानमा तथा काठमाडौंमा २५ लाखसम्म र अन्य क्षेत्रमा १५ लाखसम्म सहुलियत ऋण दिने निर्णय सरकारले गरेको थियो । पीडीएन प्रतिवेदनअनुसार भूकम्पबाट ८ लाख घर क्षतिग्रस्त छन् । प्रतिवेदनले २१ क्षेत्रमा ७ खर्ब बराबरको क्षति र नोक्सान तथा त्यसका लागि ६ खर्ब ७० अर्ब रुपैयाँ बराबर आवश्यक रहेको सार्वजनिक गरेको छ ।

गत १२ वैशाखमा भूकम्प गएपछि ६ असारमा तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले भूकम्पपछिको पुनर्निर्माणको अध्यादेश ल्याएर १० असारमा दाता सम्मेलन गरेको थियो भने साउनमा पुनर्निर्माण प्राधिकरणमा डा. गोविन्दराज पोखरेललाई सीईओ नियुक्ति गरेको थियो । दाता सम्मेलनमा विभिन्न दाता तथा विकास साझेदारहरूले पुनर्निर्माणका लागि ४ सय ४० अर्ब सहयोगको घोषणा पनि गरेका थिए तर भूकम्पपछिको पुनर्निर्माणको अध्यादेश संसद् सुरु भएको ६० दिनभित्र पारित हुनुपर्नेमा नभएपछि प्राधिकरण स्वतः खारेज भएको थियो ।

(बाँकी पृष्ठ ३ मा)

# महत 'विश्वकै उत्कृष्ट अर्थमन्त्री'



**काठमाडौं/रास**– पूर्वअर्थमन्त्री डा. रामशरण महत उत्कृष्ट अर्थमन्त्री घोषित भएका छन् । लन्डनस्थित द फाइनान्सियल टाइमको सहप्रकाशन 'द बैंकर'ले उनलाई उत्कृष्ट अर्थमन्त्री घोषणा गरेको हो ।

पत्रिकाले आफ्नो ९०औं वार्षिकोत्सवका अवसरमा विश्वभरका बैंकर तथा अर्थशास्त्रीहरूबिच सर्वेक्षण गरी डा. महतलाई विश्वकै उत्कृष्ट अर्थमन्त्री घोषणा गरेको हो । द बैंकरले विगत १४ वर्षदेखि उत्कृष्ट अर्थमन्त्री र उत्कृष्ट गभर्नर पुरस्कार प्रदान गर्दै आएको छ । द बैंकरका अनुसार डा. महत एसिया प्रशान्त क्षेत्र र विश्व श्रेणीमा उत्कृष्ट अर्थमन्त्री पुरस्कार पाउने दक्षिण एसियामै पहिलो हुन् ।

(बाँकी पृष्ठ ३ मा)

# केएल दुगडका सञ्चालकविरुद्ध पक्राउ आदेश जारी

**टपेन्द्र कार्की/राजधानी**
काठमाडौं, २० पुस

जिल्ला अदालत काठमाडौंले केएल दुगड समूहका अध्यक्ष किसनलाल दुडगसहितका नौजना सञ्चालक र कर्मचारीविरुद्ध पक्राउ आदेश जारी गरेको छ । कालोबजारी र ठगी अभियोगमा प्रहरीले फरार सूचीमा राखेर मुद्दा दायर गरेपछि अदालतले दुगड समूहका सञ्चालकविरुद्ध पक्राउ आदेश जारी गरेको हो ।

ठगी र कालोबजारी मुद्दासँगै अदालतमा पेस गरिएका दुगड समूहका म्यानेजर अमर जैन र सेल्स अफिसर प्रमोद अधिकारीलाई भने पुर्पक्षका लागि थुनामा राखेर मुद्दा सुनुवाइ अघि बढाउन आदेश दिइएको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश दीपेन्द्रराज विष्टको इजलासले सोमबार थुनामै राखेर अनुसन्धान थाल्न निर्देशन दिई फरार सञ्चालक र कर्मचारीलाई पक्राउ आदेश जारी गरेको हो । कालोबजारी र ठगी अभियोगमा दुगड ग्रुपका सञ्चालक किसनलाल (केएल) दुगडसहित ११ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो । खानेतेलमा कालोबजारी गरी उपभोक्ता ठगेको अभियोगमा सरकारले १० वर्षसम्म कैद र १३ करोड ८९ लाख ८ सय ६० रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेपछि जिल्ला अदालत काठमाडौंले पक्राउ परेका अभियुक्तलाई पुर्पक्षका लागि थुनामा पठाएको हो । सरकारले मुद्दा दायर गरेसँगै काठमाडौंको जडीबुटीस्थित केएल दुगडको गोदाम प्रमुख अमन जैन र स्वस्तिक आयल मोरङका प्रबन्धक प्रमोद अधिकारीलाई अदालतमा पेस गरेको थियो ।



**खानेतेलमा कालोबजारी प्रकरण**

(बाँकी पृष्ठ ३ मा)

# मलामीसमेत पाइन छाड्यो गाउँमा

**निमेन्द्र शाही/राजधानी**
बाजुरा, २० पुस

बाजुरा साप्पाटा-७ वामनथानका ६० वर्षीय सर्प न्यौपानेको एक साताअघि चिसोका कारण मृत्यु भयो । मलामी जाने मान्छे खोज्न गाउँभरि डुल्दा पनि मुस्किलले केही पुरुष भेटिए । तर, अधिकांश अशक्त र बुढा मात्रै थिए ।

'गाउँमा जिउँदाको जन्ती र मर्दाको मलामीसमेत पाइन छाड्यो,' वाई-२ का लालबहादुर शाहीले राजधानीसँग भने । एक वर्षसम्म नियमित खडेरी परेपछि कामका लागि अधिकांश पुरुष भारत गएकाले आजभोलि गाउँमा मलामीसम्म पाउन छाडिएको शाहीले बताए । 'गाउँघरमा बालीको त कुरै छोडौं, अन्नको बिउसमेत पाइँदैन,' उनले भने ।



*खाद्य संस्थान कोल्टीबाट चामल लिएर जाँदै गरेका साप्पाटा गाविसका बालबालिका ।*

केही साताअघि गाउँमा खाद्यान्न सकिएपछि साप्पाटा गाविस फ्यालगाउँबाट सयभन्दा बढी युवा एकै दिन भारत गएका थिए । गाउँबाट हिजोआज पनि हरेक दिन १०/१५ जना भारत गइरहेका छन् । गाउँमा विकास निर्माणका योजना आए काम गर्ने मानिस पनि नभएको स्थानीय बल बुढाले बताए । 'अहिले गाउँमा विकास निर्माणका योजना आए काम गर्ने मानिस पनि छैनन्, सबै भारत गए,' बुढाले भने । जिल्लाको पूर्वोत्तर क्षेत्रका गाविसमा खडेरीले अन्नबाली नोक्सान गर्दा साप्पाटा, वाई, जुकोट, जगन्नाथ, गोत्री, रुगिन, बिच्छ्याँ, बाँधुलगायतका गाविसमा ७० प्रतिशतभन्दा बढी कृषि उत्पादन घटेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालले कात्तिकमा जारी तथ्यांकअनुसार जिल्लाको उत्पादनले दुई/तिन महिनासम्म मात्रै खाद्यान्न पुग्छ ।

(बाँकी पृष्ठ ३ मा)



## गोली हानी असईको हत्या

**राजविराज/रास–** जिल्लाको बैननिया गाविसको झौरा प्रहरी चौकीमा कार्यरत ४० वर्षीय प्रहरी सहायक निरीक्षक रमेश सुब्बाको गोली हानी हत्या गरिएको छ।

सोमबार साँझ प्रहरी गस्तीमा रहेका झुट्की प्रहरी चौकीका इन्चार्ज सुब्बालाई मोटरसाइकलमा आएका दुईजना अज्ञात व्यक्तिले गोली प्रहार गरी घाइते बनाएका थिए। उनलाई उपचारका लागि सदरमुकामस्थित गजेन्द्र नारायण सिंह अञ्चल अस्पताल ल्याइपुऱ्याएलगत्तै मृत घोषणा गरिएको थियो। उनको छाती र खुट्टामा गोली प्रहार भएको थियो।

मृतक सुब्बा झापानिवासी हुन्। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक भीमप्रसाद ढकालका अनुसार घटनापछि सो क्षेत्रमा व्यापक प्रहरी परिचालन गरिएको छ। यसैबिच तराईमा भूमिगत रूपमा सशस्त्र आन्दोलनरत समूह जयकृष्ण गोइत नेतृत्वको अखिल तराई मुक्ति मोर्चाले आक्रमणको जिम्मेवारी लिएको छ।

## बलात्कार आरोपमा पक्राउ

**दाङ/रास–** छिमेकी बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले तुलसीपुरका एक युवकलाई पक्राउ गरेको छ।

तुलसीपुर-८ दुधेनावासी सुरेन्द्र चौधरीलाई बलात्कार आरोपमा पक्रेको इलाका प्रहरी कार्यालय तुलसीपुरका डीएसपी कृष्ण प्रसाईंले जानकारी दिएका छन्। घरमा एक्लै रहेको मौका छोपी आठ वर्षीया बालिकालाई बलात्कार गर्ने क्रममा बालिका चिच्याएपछि चौधरी भागेका थिए।

# डेढ वर्षदेखि त्रिपालमै बास

### बाढीपीडितले पाएनन् घर बनाउने पैसा

**सुदीप अधिकारी/राजधानी**
बर्दिया, २० पुस



*बाढीबाट विस्थापित एक परिवार।*

बाढीका कारण विस्थापित गुलरिया नगरपालिका-५ रामपुर टप्परका गणेशप्रसाद खनालले त्रिपालकै भरमा दिन गुजारेको डेढ वर्ष भइसक्यो। उनको मक्किएको त्रिपालले न हावा छेक्छ न त शीत। लगलग काप्दै रात बिताउँछ उनको परिवार। उनलाई यो अवस्थामा डेढ वर्षअघि बबई नदीमा आएको बाढीले पुऱ्याएको हो।

बेघर भएपछि उनको परिवार अस्थायी शिविरमा बस्दै आएको छ। पुनःस्थापनाको आसमा बसेको डेढ वर्ष बित्यो। तर, उनको परिवार अझै एकसरो त्रिपालमै ओत लागेर बस्नुपरेको छ। यो परिवारको बासको अझै कुनै टुंगो छैन।

बाढीबाट विस्थापित हुने उनी एक्ला भने होइनन्। गत वर्ष साउनमा आएको बबई नदीको बाढीले उनी जस्तै १ सय ६२ घरपरिवारको उठिबास लगाएको छ। उनीहरूको घर र जग्गाजमिनको नामोनिसान छैन। सरकारले उनीहरूलाई पुनर्वास गर्न अझै कुनै सुरसार नगर्दा पीडितको बिचल्ली भएको छ।

बनियाँभारमा ९८, चेपाङमा २१ र रामपुर टापुमा ४३ घरपरिवार त्रिपालको भरमा छन्। डेढ वर्ष बित्दा पनि उनीहरूले अझै सरकारी राहत रकम पाएका छैनन्। सरकारले बाढीपीडितलाई घर बनाउन रकम दिने निर्णय गरेको वर्ष दिन भयो तापनि पीडितको हात रित्तो छ।

घर बनाउन दिइने भनिएको रकम त परै जाओस् आंशिक क्षति भएकाहरूका लागि घर मर्मत गर्न प्रतिघरपरिवार ५ हजार रुपैयाँका दरले दिइने भनिएको रकम पनि यहाँका कैयौं बाढीपीडितले पाएका छैनन्। सरकारी रकम पाइएला अनि घर बनाएर बसौंला भन्ने आसमा बसेका बाढीपीडितको आशाको त्यान्द्रो पनि चुडिनै लाग्यो तापनि सरकारले उनीहरूको पीडा अझै महसुस गरेको छैन।

बाढीबाट विस्थापितमध्ये जग्गा भएको तर घर नभएकालाई ५० हजार रुपैयाँ र घरजग्गा दुवै नभएकालाई ७५ हजार रुपैयाँ गरी १ लाख २५ हजार रुपैयाँ दिने सरकारको निर्णय छ। तर, डेढ वर्ष बित्दा पनि यो निर्णय कार्यान्वयन हुन सकेको छैन। बाढीपीडितलाई पुनःस्थापना गर्ने कामको जिम्मा लिएको सहरी विकास तथा भवन डिभिजन कार्यालयले अर्थ मन्त्रालयबाटै रकम निकासा नभएकाले पुनःस्थापनामा ढिलाइ भएको बताउँदै आएको छ। 'जतिसक्दो चाँडो पुनःस्थापना गर्ने पक्षमा छौं। तर, माथिबाटै रकम आएको छैन। हामीले ताकेता गरिरहेका छौं,' सहरी विकास तथा भवन डिभिजन कार्यालय नेपालगन्जका प्रमुख रमेश थपलियाले भने। कार्यालयका अनुसार यहाँका बाढीपीडितलाई पुनःस्थापना गर्न करिब ३५ करोड रुपैयाँ आवश्यक पर्छ।

आंशिक क्षति भएका घरधुरीलाई घर मर्मतका लागि प्रतिघरधुरी ५ हजार रुपैयाँका दरले वितरण गरिने रकम पनि पूरा नआएको प्रमुख थपलियाले बताए। उनले भने, 'बर्दियामा घर मर्मतका लागि करिब साढे ५ करोड रुपैयाँ आउनुपर्ने हो। तर, ४ करोड रुपैयाँ मात्र निकासा आयो। सबैलाई अझै पुगेको छैन।'

सरकारी बेवास्ताले बाढीपीडित निराश छन्। चिसो बढेसँगै उनीहरूको दैनिकी कष्टकर बन्दै गएको छ। समयमै सरकारले पुनःस्थापना नगर्दा उनीहरूलाई दिनरात चैन छैन। राज्यले आफूहरूलाई झुक्याएको पीडितहरूको गुनासो छ। 'पुनःस्थापना गर्ने आस त देखायो तर डेढ वर्ष नै बित्यो, खै हामीलाई ठेगान लगाएको र कति झुक्याएको सरकारले हामीलाई,' रामपुर टापुमा रहेको शिविरमा बस्दै आएका विस्थापित गणेशप्रसाद खनालले आक्रोश पोखे।

यतिबेला सामान्य राहतले चित्त बुझाउन बाध्य भएका पीडितलाई ज्यानै जाने हो कि भन्ने पिरलो छ। चिसोले बालबालिका, वृद्ध र सुत्केरीहरूको झनै बेहाल भएको छ। डेढ वर्षदेखि त्रिपालकै भरमा बस्दा आफूहरूलाई निकै समस्या परेको शिविरमा आश्रय लिएर बसेका वृद्ध महावीर रोकायाले गुनासो सुनाए। सरकारले आफूहरूलाई अन्याय गरेको उनको ठहर छ।

## बेलहियाबाट...

बेलहियाबाट छुट्ने प्रत्येक लामो तथा छोटो दुरीका बसहरूले असुरक्षित रूपमा छतमा ग्याँस तथा पेट्रोलियम पदार्थ बोक्दै आएका थिए। सिद्धार्थ यातायात व्यवसायी समिति भैरहवाका अध्यक्ष सूर्यकुमार सारू मगरले आफ्नो समिति मातहतका गाडीलाई जथाभावी रूपमा इन्धन नबोक्न यसअघि नै निर्देशन दिइसकेको बताए। 'एक जना काठमाडौं जाँदा एउटा ग्याँस अथवा पाँच लिटर डिजेल, पेट्रोल, मट्टीतेल लैजानुलाई हामीले स्वाभाविक रूपमा लिएका छौं,' अध्यक्ष सारूले भने, 'योभन्दा बढी लैजान दिएका छैनौं र गाडीधनीले पनि लगेका छैनन्।'

केही दिनअघि राष्ट्रिय मानव अधिकार आयोगको टोलीले रूपन्देहीको बेलहिया, कपिलवस्तुको कृष्णनगर र नवलपरासीको महेशपुर नाकामा गरेको अनुगमनका क्रममा रूपन्देहीको बेलहिया नाका भीषण विस्फोटको जोखिममा रहेको चेतावनी दिएको थियो। आयोगको चेतावनी आएलगत्तै बेलहियाको एक घरमा आइतबार राति आगलागीसमेत भएको थियो। स्थानीय चिन्की जयसवालको घरमा आगलागी हुँदा २ लाखभन्दा बढी क्षति भएको छ। आगो तत्कालै नियन्त्रणमा लिन सफल भएकाले भीषण क्षति हुनबाट बेलहिया जोगिएको थियो।

आयोगले बेलहियाको अधिकांश घरमा १ सय लिटरदेखि १० हजार लिटरसम्म कालोबजारीका लागि पेट्रोलियम पदार्थ भण्डारण गरी राखिएको तथ्य बाहिर ल्याएको थियो। भारतको अघोषित नाकाबन्दीपछि यो नाकाबाट मौलाउँदै गएको तेलको अवैध कारोबारलाई लिएर कतिपयले सामाजिक सञ्जालमा बेलहियालाई 'तेलहिया नाका' भन्दै टिप्पणी गर्दै आएका थिए।

## महत 'विश्वकै...

विशेष गरी भूकम्पपछिको पुनर्निर्माणका लागि अर्थमन्त्रीका हैसियतले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकृष्ट गरी स्रोत जुटाउन सफल भएकाले उनी उत्कृष्ट छनोट हुन सफल भएका हुन्। नेपालको अर्थतन्त्रमा गरेको सुधार र भूकम्पपछि उत्पन्न नेपालका चुनौती परिभाषित गरी अर्थतन्त्रको बचाउका लागि निर्वाह गरेको भूमिकाका लागि डा. महतलाई यो पुरस्कार प्रदान गरिएको द बैंकरले जनाएको छ। द बैंकरका अनुसार नेपालमा भूकम्प गएको एक हप्ताभित्रै अजरबैजानको बाकुमा आयोजित एसियाली विकास बैंकको वार्षिक बैठकमा उपस्थित अन्तर्राष्ट्रिय समुदायसमक्ष डा. महतले विश्वकै ध्यान खिच्ने गरी प्रभावकारी प्रस्तुति दिएका थिए। सोही प्रभावका कारण नेपालमा दाता सम्मेलन सफल भई ठुलो सहयोग जुटेको थियो।

विश्वकै उत्कृष्ट अर्थमन्त्री घोषणा भएपश्चात् महतले आफ्नो कामको सही मूल्यांकन भएको भन्दै त्यसप्रति खुसी व्यक्त गरे। डा. महतले नै मुलुकलाई आर्थिक उदारीकरणको युगमा प्रवेश गराएका थिए। पटकपटक अर्थमन्त्री भएका उनले व्यवसायमा कायम लाइसेन्स प्रथाको समाप्त गरी उद्योग, व्यापार, बिमा, वित्त, शिक्षा, स्वास्थ्य, सञ्चार, हवाई यातायात लगायतका हरेक क्षेत्रमा उदारीकरणको सुरुआत गरेका थिए। यी क्षेत्रको उदारीकरणपश्चात् २०४७ सालमा वार्षिक २५ अर्बको बजेट र करिब १२ अर्बको राजस्व असुलीको स्थितिलाई आमूल परिवर्तन गरी अहिलेको करिब ८ सय अर्बको बजेट र ४ सय ७५ अर्बको राजस्व असुलीको स्थितिमा ल्याइपुऱ्याउने कामको नेतृत्व महतले गरेका थिए।

अर्थतन्त्रमा त्यसबखत गरिएको सुधारका कारण सशस्त्र द्वन्द्व र राजनीतिक संक्रमणकालका बाबजुद गरिबीको रेखामुनि रहेको जनसंख्याको अनुपात ४२ प्रतिशतबाट २३ प्रतिशतमा झरेको छ। अहिलेको राजस्वको प्रमुख स्रोतका रूपमा रहेको मूल्य अभिवृद्धि कर भ्याट उनकै पालामा कार्यान्वयनमा ल्याइएको थियो। डा. महतको अर्थमन्त्रीकालमा २०५४ मा नेपाल विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको बोर्ड अफ गभर्नर्सको अध्यक्ष बन्न सफल भएको थियो। यसले गर्दा नेपाल दातृ समुदाय तथा अन्तर्राष्ट्रिय समुदायबिच एउटा सशक्त साझेदारका रूपमा स्थापित हुन पुगेको छ।

गत वैशाख १२ गते गएको भूकम्पको विनाशबाट अर्थतन्त्रलाई पुनर्जागृत गरी पुनर्निर्माण गर्न अन्तर्राष्ट्रिय दाता सम्मेलनको सफल संयोजन उनले गरेका थिए। त्यसक्रममा ४ सय अर्बभन्दा बढी राशिको सहयोग प्रतिबद्धताको घोषणा भएको थियो।

बैंकरले हरेक वर्षको जनवरी अंकमा उत्कृष्ट अर्थमन्त्री सार्वजनिक गर्ने गरेको छ। यसअघि हाल भारतका राष्ट्रपति प्रणव मुखर्जी अर्थमन्त्री छँदा एसिया प्रशान्त क्षेत्रमा उत्कृष्ट अर्थमन्त्री छानिएका थिए।

यस पटक महत भने दुवैतर्फ उत्कृष्ट छानिएका हुन्। बैंकरले भूकम्पपछिको अवस्थामा पनि बृहत् आर्थिक परिसूचक सही अवस्थामा राख्न सफल भएको पनि उल्लेख गरेको छ। भूकम्पपछिको उद्धार र स्रोत जुटाउने कामकै लागि महत उत्कृष्ट भए पनि भूकम्पपीडितको पीडा भने कायमै छ।

## मलामीसमेत...

यस्तै, जिल्लामा रोजगारीको अवस्था हेर्ने हो भने करिब सय मानिस कोल्टी आसपासमा निर्माण कार्य, निजी निर्माण तथा भारी बोक्ने (भरिया) कार्यमा संलग्न (दैनिक ५/७ सय रुपैयाँसम्म आम्दानी) छन्।

जिल्लाको कुल क्षेत्रफलको ११ दशमलव ११ प्रतिशत मात्र खेतीयोग्य जमिन छ भने कुल खेती गरिएको जमिन ९ दशमलव २१ प्रतिशत मात्र छ। त्यसमा पनि वर्षभरि सिँचाइ हुने जमिन १५ दशमलव ६९ प्रतिशत मात्र रहेको छ। जिल्लामा सरकारी योजनाको काम समयमा सम्झौता नभएकाले जिल्लाभित्र अरू कुनै रोजगारीको सम्भावना नभएकाले गाउँ खाली हुने गरी रोजगारीका लागि भारत गएका हुन्।

जिल्लामा केही काम नपाइएका कारण केही कमाएर घर खर्च चलाउन भारत गएको स्थानीय नन्दबहादुर रावलले बताए। 'नौ जनाको कबिला छ। कोल्टीमा २० किलो चामल दिन्छ। हामीलाई चार छाक पनि हुँदैन। पैसा पनि छैन। अब भारत नगई सुखै छैन,' साप्पाटा-९ डुमकोटका वीरभान सार्कीले राजधानीसँग भने।

## पुनर्निर्माण...

पुनर्निर्माण प्राधिकरणबारे राजनीतिक दलहरूबिच विवाद भएपछि नयाँ पुनर्निर्माण विधेयक बल्ल मंसिर अन्तिम साता मात्र संसद्बाट पारित भएको थियो। ११ मंसिरमा सरकारले ज्ञवालीलाई प्राधिकरणको सीईओ नियुक्ति गरेपछि काम सुरु भएको छ। तर, प्राधिकरणलाई पूर्णता दिन अझै सरकारले विज्ञहरू नियुक्त गरेको छैन। प्राधिकरणमा ढिलाइ भएपछि चालू वर्षमा मन्त्रालय र पुनर्निर्माण प्राधिकरणमार्फत खर्च गर्नुपर्ने ९१ अर्ब रुपैयाँ खर्च हुन सकेको छैन भने पुनर्निर्माणमा सहयोग गर्ने घोषणा गरेका दातृ निकाय तथा विकास साझेदारहरूसमेत प्राधिकरण गठनमा ढिलाइ भएकोमा असन्तुष्ट रहँदै आएका छन्।

राष्ट्रिय योजना आयोगले भूकम्पोत्तर पुनःस्थापना तथा पुनर्निर्माणसम्बन्धी नीति तयार पारे पनि पुनर्निर्माण प्राधिकरणले त्यसलाई सदर नगर्दा कार्यान्वयनमा आएको छैन। 'बनाऔं राम्रो बलियो' भन्ने उद्घोषसहित सरकारले 'केन्द्रीकृत नीति र विकेन्द्रित कार्यक्रम'को अवधारणासहितको पुनर्निर्माण नीतिमा संरचनाहरूको पुनर्निर्माण गर्दा स्थानीय सामग्री र वास्तुकला तथा भूकम्प प्रतिरोधी निर्माण विधि अवलम्बन गर्ने उल्लेख छ।

नीतिले स्वनिर्माण विधिलाई प्रोत्साहन गर्दै ग्रामीण र सहरी क्षेत्रका निजी घरहरू घरधनी स्वयंले नै निर्माण गर्ने र सरकारबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने उल्लेख छ। जोखिममा रहेका ग्रामीण तथा सहरी बस्तीहरूको भौगोलिक तथा भौगर्भिक अध्ययन गर्न प्राविधिकहरूको घुम्ती टोली बनाई स्थानीय समुदायलाई सम्भावित जोखिमको जानकारी गराउने तथा बस्तीलाई स्थानान्तरण गर्नुपर्ने भए नजिकको सुरक्षित स्थानबारे सो समुदायलाई जानकारी गराउने नीतिमा उल्लेख छ।

## केएल दुगडका...

सञ्चालक दुगडसहित अन्य नौ जनालाई भने फरार अभियुक्तका रूपमा पेस गरिएको अदालतले जनाएको छ। महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख विक्रमसिंह थापाले फरार किसनलालसहित अन्य नौ जनाको खोजी भइरहेको बताए। 'अदालतबाट पुर्पक्षका लागि थुनामा पठाएको र अन्यलाई फरार अभियुक्तका रूपमा प्रहरीले खोजी गरिरहेको छ,' काठमाडौं परिसर प्रमुख एसएसपी थापाले भने। अदालतले दुगड ग्रुपका सञ्चालकहरूलाई पनि पक्राउ गर्न आदेश दिएको छ। 'दुगड समूहका फरार अभियुक्तलाई पक्राउ गर्न अदालतले आदेश दिएको छ, खोजीकै सूचीमा रहेका उनीहरूलाई प्रहरीले जसरी पनि पक्राउ गर्छ,' एसएसपी थापाले भने।

मुलुक नाकाबन्दीको मारमा परेका बेला दुगड समूहले कालोबजारी गरेको प्रमाण फेला परेपछि गोदाममा छापा मारेर प्रहरीले थप अनुसन्धान अघि बढाएको थियो। तर, छापा मार्नुअगावै सञ्चालकहरू फरार भएका थिए। प्रहरीले फरार अभियुक्तलाई अदालतबाटै पक्राउ गरी कारबाहीको माग गरेको छ। अदालतका अनुसार सरकारले स्वस्तिकलगायतका खानेतेलमा कालोबजारी गरेको प्रमाण फेला परेपछि दुगड ग्रुपसँग ३ करोड ९२ लाख ८७ हजार ४ सय ४० रुपैयाँ बिगो दाबी गरेको छ। त्यसैगरी, उपभोक्तालाई ठगी गरेको भन्दै सोबापत अभियोग पत्रमा ९ करोड ९६ लाख १३ हजार ४ सय २० रुपैयाँ बिगो दाबी गरेको काठमाडौं जिल्ला अदालतले जनाएको छ।

प्रहरीको अनुसन्धानपछि सरकारले जिल्ला सरकारी वकिल कार्यालयमार्फत ठगी र कालोबजारीमा दुगड ग्रुपका किसनलाल दुगड, विकास दुगड, नरेश दुगड, कुमुद दुगड, धर्मचन्द्र दुगड, गौतम दुगडविरुद्ध मुद्दा दायर गरेको हो। त्यसैगरी, चन्द्रिकाप्रसाद कुशवाह, रमाकान्त तारिक र प्रदीपकुमार चाचनलाई पनि कालोबजारी र ठगी अभियोग मुद्दामा विपक्षी बनाइएको थियो।

खानेतेलमा कालोबजारी गरेको अभियोगमा प्रहरीले गत १७ मंसिरमा काठमाडौंको जडीबुटीस्थित केएल दुगडको गोदाममा छापा मारेको थियो। सो गोदामबाट तेब्बर बढी मूल्य तोकी बिक्रीका लागि बजारमा पठाउन लागिएका विभिन्न ब्रान्डका चार ट्रक खानेतेल प्रहरीले बरामद गरेको थियो। प्रहरीले लामो अनुसन्धानपछि दायर गरेको मुद्दामा प्रतिलिटर १ सय २५ रुपैयाँ पर्ने खानेतेलको कृत्रिम अभाव सिर्जना गरी प्रतिलिटर ३ सय २० रुपैयाँमा बिक्री गरिएको लगायतका अभियोग छन्।

प्रहरीले गोदाममा छापा मारी धारा ब्रान्डको खानेतेल दुई ट्रक, ज्ञान ब्रान्डको एक ट्रक र सन फ्लावर एक ट्रक गरी चार ट्रक तेल नियन्त्रणमा लिएको थियो। ती सबै सामानमा उपभोक्ता ठग्ने योजनाका साथ गैरकानुनी ढंगले मूल्य स्टिकर टाँसिएको, समयमै वितरण नगरी कालोबजारी गर्ने नियतका साथ स्टक राख्नेलगायतका कार्य गरी संस्थागत अपराध गरेको प्रहरीको दाबी छ। जनता ठग्ने दुगड समूहका सञ्चालक भने अहिले पनि पैसाको आडमा अदालतदेखि अन्य निकायलाई प्रभावित पार्ने भन्दै विभिन्न बिचौलियालाई पठाइरहेको छ।


**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७२।९।२१ गते)

यस कार्यालयबाट मिति २०७२।८।६ मा राजधानी दैनिकमा सूचना प्रकाशन गरी यस कार्यालयमा निकुन्ज प्रशासन तर्फ कार्यरत कर्मचारी र हात्तीसार तर्फ कार्यरत कर्मचारी तथा हात्तीलाई राशन तथा दाना सप्लाई गर्न बोलपत्र आव्हान गरिएकोमा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये राजभण्डारी ट्रेडर्स भरतपुर-३ नारायणगढको निकुन्ज प्रशासनतर्फ कार्यरत कर्मचारीहरुको राशन सप्लाई गर्ने कबोल अंक प्रति व्यक्ति प्रति दिन रु.१०३।९४ र हात्तीसार तर्फ कार्यरत कर्मचारी तथा हात्तीलाई राशन तथा दाना सप्लाई गर्न कबोल अंक प्रति व्यक्ति प्रति दिन रु.५७७।४५ को बोलपत्र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चितवन राष्ट्रिय निकुन्ज कार्यालय,कसरा चितवन**



**जिल्ला स्वास्थ्य कार्यालय**
भोजपुरको

**औषधि तथा सर्जिकल सामान खरीद सम्वन्धी सिलबन्दी बोलपत्र आब्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति:-२०७२।०९।२१**

यस जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व.२०७२/०७३ को लागि आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानहरु सिलवन्दी बोलपत्रवाट खरीद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी /फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही रु १०।- को टिकट टाँसी सिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिएको छ।

**शर्तहरुः-**

१. यो सूचना **राजधानी राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्ममा बोलपत्र फारम जिल्ला प्रशासन कार्यालय भोजपुर, को.ले.नि.का भोजपुर र यस कार्यालयको लेखा फाँटबाट रु १०००।-(फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिने छ।
२. बोलपपत्र खरीद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्ने छ।
   (क) औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपी।
   (ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।
   (ग) आ.व.२०७१/०७२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।
   (घ) प्रोपाइटर स्वयंम उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा।
३. खरीद गरिएको बोलपत्र ३१ औं दिनको १२:०० बजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ।
४. रितपुर्वक पेश भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २:०० बजे बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. रित नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
६. बोलपत्र खरीद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनीक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोहि समयमा हुने छ।
७. बोलपत्र दाताले आफुले कबोल गरेको अङ्कको ३ प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय भोजपुरको धरौटी खाता नं. २०४०२०३००००००० मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको (बोलपत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ। साथै बोलपत्रको मान्य अवधी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनको हुने छ।
८. बोलपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ।
९. पेश भएको बोलपत्र आंशिक रुपमा वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।
१०. खरीद गरीने औषधि तथा सर्जिकल सामानको प्रयोग गर्ने अवधि जिल्ला स्टोरमा दाखिला हुदा कम्तिमा अठार महिना बाँकि रहेको हुनु पर्ने छ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकि रहेको हुनुपर्ने छ।
११. बोलपत्रदाताले आफुले दिन चाहेको औषधि तथा सर्जिकल सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देशको नाम प्रष्ट संग उल्लेख गर्नु पर्ने छ।
१२. बोलपत्रदाताले सप्लाई गर्ने औषधि WHO GMP मान्यता प्राप्त कम्पनीको हुनु पर्ने छ र WHO GMP Certificate पनि बोलपत्र फारम साथै अनिवार्य बुझाउनुपर्ने छ।
१३. बोलपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयको आवश्यकता अनुसार थपघट गर्न सकिनेछ, थपघट भएतापनि बोलपत्रदाताले कबोल गरेको दररेटमा आ.व.२०७३ असाढ मसान्त सम्ममा थप बजेटको व्यवस्था भई आएमा सोही दररेटमा उपलब्ध गराउनु पर्नेछ, दररेट परिवर्तन गर्न पाइने छैन।
१४. बोलपत्र दाखिला गर्दा बोलपत्र साथ आफुले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दी गरी छुट्टै पेश गर्नु पर्ने छ।
१५. बोलपत्रदाताले बोलपत्र फारम खरीद गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको बोलपत्र फारम खरीद गर्नु पर्ने छ र सोहि फारमको प्रत्येक पानामा बोलपत्रदाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्ने छ।
१६. एउटा फर्म वा कम्पनीले खरीद गरेको बोलपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको बोलपत्र रद्ध गरीने छ।
१७. आफुले सप्लाई गर्ने प्रत्येक औषधि, औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधिको प्याकिङ बाहिर औषधिको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं उत्पादक कम्पनीको नाम स्पष्ट संग उल्लेख भएको हुनु पर्ने छ। साथै औषधिको प्याकिङ बाहिर तथा प्रत्येक स्ट्रीपमा **"नेपाल सरकारबाट निःशुल्क वितरणको लागी"** वा **"यो औषधि /बिक्रीका लागी होईन"** प्याकिङमा उल्लेख भएको हुनु पर्ने छ।
१८. सप्लाई हुने सवै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याक भएको हुनु पर्ने छ।
१९. बोलपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ।
२०. आफुले दाखिला गरेको बोलपत्र फिर्ता लिन चाहेमा अनिवार्य बोलपत्र दाता स्वयं वा निजको आधिकारीक प्रतिनिधि उपस्थित भई सक्कलै निवेदन पेश गर्नु पर्ने छ। Fax वा अन्य कुनै माध्यमबाट प्राप्त निवेदन मान्य हुने छैन।
२१. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको, कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र सीलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ।
२२. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजानिक खरीद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ। अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयको टेलिफोन नं ०२९-४२०१८९/४२०७३२ मा कार्यालय समय भित्र टेलिफोन गरी वा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ।

| विवरण | लागत अनुमान अंक (भ्याट बाहेक) | धरौटी |
|---|---|---|
| औषधि तथा सर्जिकल सामान खरीद। | २४४२५११।२० | लागत अनुमान अंकको ३ प्रतिशतले हुन आउने रकम। |

## सम्पादकीय

# सुविधा दुरुपयोगको हद

पूर्वविशिष्ट व्यक्तिलाई राज्यका तर्फबाट सवारी, आवासलगायतका सुविधा उपलब्ध गराउने विश्वव्यापी चलन छ । नेपालले यसको अनुसरण धेरै अघिदेखि गर्दै आएको छ तर पछिल्ला दिनमा भने यसको दुरुपयोग ह्वात्तै बढेको छ। दुरुपयोगको हद यतिसम्म नाघिसकेको छ कि कहिल्यै विशिष्टको पगरी नपाएकाले मात्र होइन, राज्यले कुनै बेला ड्राफ्ट मात्रै गरेको मापदण्डको छेउमा पनि नपुगेका व्यक्ति पनि यस्तो सुविधा लिइरहेका छन्, निर्लज्ज ढंगले। भूकम्पपीडितहरू पुसको जाडो धान्न नसकेर भटाभट मरिरहेका बेला राज्यको सुविधा नलिए पनि आरामले बाँच्न सक्नेले सुविधा पाइरहेका छन् । अझ यस्तो सुविधा उपभोगको योग्यता नै नपुगेका पनि यो लाइनमा छन् । संसद्को सार्वजनिक लेखा समितिले थालेको चासोपछि भने सुविधा दुरुपयोगका लाज मर्नु तस्बिर खुल्दै छन् ।

राष्ट्रका लागि दिएको योगदानको कदर गर्दै सम्मानस्वरूप राज्यले विशिष्ट व्यक्तिलाई सुविधा दिन्छ । पूर्वराष्ट्रपतिदेखि पूर्वप्रधानमन्त्रीहरू यसका दाबेदार हुन्। अझ राष्ट्रपति भइसकेको व्यक्ति यस्तो सुविधाका लागि आवश्यकता र सुरक्षाका दृष्टिले योग्य हुन्छन् । तर, हमीकहाँ सरकारले जसलाई मन लाग्यो उसैलाई सुविधा घोषणा गरिरहेको छ। पूर्वप्रधानमन्त्री हुनेबित्तिकै सेवासुविधाको घोषणा हुन्छ । जब कि ती सुविधा पाउने व्यक्ति तीन पटकभन्दा बढी पूर्वप्रधानमन्त्री भइसकका छन् र भविष्यमा फेरि पनि प्रधानमन्त्रीको सम्भावना बोकेर बसेका छन्। यसर्थ, जो सक्रिय राजनीति र राज्यको सेवामा छ त्यस्तो व्यक्ति राज्यका तर्फबाट दिइने यस्तो सुविधा पाउन योग्य होइन। किनकि, उनीहरूलाई पुग्दो सेवासुविधा प्राप्त भइरहेकै हुन्छ । तर, हामीकहाँ अनावश्यक ढंगले पूर्वप्रधानमन्त्रीलाई राज्यबाट विशिष्ट सेवासुविधा उपलब्ध गराइँदै आइएको छ। अझ रमाइलो कुरा, अहिलेसम्म राज्यसँग कसलाई कस्तो सुविधा दिने ? भन्ने मापदण्डसमेत छैन। मन्त्रिपरिषद्ले २०६९ सालमै मापदण्ड बनाएर पूर्वविशिष्टलाई सुविधा दिने निर्णय गऱ्यो। पछि यो मापदण्ड सर्वोच्च अदालतले खारेज मात्रै गरेन, सर्वस्वीकार्य मापदण्ड बनाउन आदेशसमेत दियो। तर, राज्यले अहलिसम्म यस्तो सर्वस्वीकार्य मापदण्ड बनाएको छैन। संसद्मा पेस भएको एउटा मापदण्डलाई तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङको पहलमा फिर्ता गरिएपछि भने सुविधा दिने सवालमा मुलुकमा मापदण्डको नमुनासमेत पाइँदैन ।

मापदण्ड नै नभएको र योग्यता नै नपुगेका सांसद्ले पनि यस्तो सुविधा उपभोग गरेको सार्वजनिक भएको छ। सांसद्लाई कुन मापदण्ड र कानुनको आधारमा यस्तो सुविधा दिइएको हो ? राज्यले तत्काल स्पष्ट पार्नुपर्छ । लामो समयसम्म गैरकानुनी रूपले लिइरहेको यस्तो सुविधा तत्काल फिर्ता हुनुपर्छ, त्यो पनि सम्बन्धित व्यक्तिबाट हर्जानासहित । जनताले तिरेको करबाट पहुँचवालाले सुविधा उपभोग गर्ने र निर्णय गर्ने दुवैमाथि तत्काल अख्तियार दुरुपयोग अभियोगमा कारबाही अघि बढाइनुपर्छ। विशिष्ट व्यक्तिलाई सुविधा दिँदा अब आवश्यकता र औचित्यसमेत पुष्टि हुनेगरी दिइनुपर्छ र यसका लागि तत्काल आवश्यक कानुन र मापदण्ड बनाउनुपर्छ। संसद्मार्फत बनेको मापदण्डका आधारमा मात्रै यस्तो सुविधा दिनेगरी हाल दिइँदै आएको सुविधा स्थगन गरी अनावश्यक व्यक्तिले लिइरहेको सुविधा तत्काल खोस्नु आवश्यक छ।

# संविधान कार्यान्वयनका जटिलता



■ श्रीकान्त रेग्मी

मुलुक यतिखेर आफ्नो इतिहासकै सर्वाधिक जटिल मोडबाट गुज्रिरहेको छ । मुलुकले आधुनिक युगमा पदार्पण गरेउप्रान्त सामाजिक, राजनीतिक, आर्थिक जीवनमा यति जटिल स्थिति यसभन्दा पूर्व सायदै बेहोर्नुपरेको थियो । यो जटिल परिस्थितिलाई निकास दिन राजनीतिक क्षेत्र जिम्मेवार र गम्भीर हुनु जरुरी छ । किन्तु, विडम्बनाको विषय के हो भने राजनीतिक तहमा गम्भीरता र जिम्मेवारी शून्यकै अवस्थामा छ । सबैजसो राजनीतिक दल र तिनका नेता आआफ्ना गोरखधन्दामा लागेका छन् । नेतृत्ववर्ग मात्र तत्कालीन स्वार्थबाट निर्देशित देखिन्छ। त्यसै कारणले न हामीसँग कुनै दीर्घकालीन योजना छ, न नेतृत्वसँग दूरगामी दृष्टिकोण नै । नेताहरू सपनाका व्यापारी जस्तै छन् । जनतालाई ठूला-ठूला सपना वितरण गर्छन् र फोस्रा आश्वासन दिन्छन् । आफूले प्रतिबद्धता व्यक्त गरेका कुरा कसरी हासिल हुन्छ भन्ने कुराको भने कुनै अत्तोपत्तो हुँदैन । नयाँ संविधानको घोषणापछि पनि मुलुकको राजनीति अस्थिर नै छ । नेतृत्वको मानस अस्थिर भएपछि त्यसो हुनु अनौठो होइन । एउटा लामो संक्रमणबाट बल्लतल्ल बाहिर निस्केको मुलुक फेरि अर्को जटिल संक्रमणको चरणमा प्रवेश गर्दै छ। संविधान कार्यान्वयनमै समस्या देखापरेको छ। मुलुकमा अन्य समस्या पनि अनगिन्ती छन्। विनाशकारी भूकम्प, मधेस आन्दोलन र भारतीय नाकाबन्दीका कारण मुलुक तहसनहस भएको छ ।

संविधान जारी भएसँगै मुलुकमा लामो समयदेखि विद्यमान अन्योल हट्ने र मुलुकले एउटा निश्चित मार्ग लिने जनसाधारणको अपेक्षा रहेको थियो परन्तु आजसम्म मुलुक चौराहमै खडा छ भने हुन्छ । स्वल्पदृष्टि भएका आत्मकेन्द्रित नेतृत्वको बाहुल्यले गर्दा मुलुक अन्योलकै अवस्थामा रहन गएको हो। मुलुकको हितमा भन्दा आफ्नो निहित स्वार्थका लागि मरिमेट्ने नेतृत्वले मुलुकलाई नयाँ दिशा दिन सक्दैन पनि। मधेस आन्दोलन र नाकाबन्दीका आडमा मुलुकमा भद्रगोल र अव्यवस्था मौलाएको छ। धेरै क्षेत्र पथविमुख भएका छन् । इन्धन अभाव, विद्युत् कटौती र अत्यावश्यक वस्तुको सर्वथा अभावले जनसाधारण भने आहत छन्। १० बर्से सशस्त्र द्वन्द्व, पछिल्लो जनआन्दोलन, लोकतन्त्र बहाली, दुईदुई पटक संविधानसभा निर्वाचन र नयाँ संविधानको घोषणासभामा उल्लेख्य समय, साधन स्रोत र श्रमको लगानी भएको छ । किन्तु, मुलुकको राजनीति भने अद्यापि अन्योलपूर्ण नै छ। झन् यतिखेर त मुलुक विकराल अवस्थाबाट गुज्रिरहेको छ। सबैलाई आआफ्नो भविष्य सुरक्षित गर्ने चिन्ता छ । मुलुक र जनताको भविष्य सुरक्षाको सवाल भने भगवान् भरोसामा छ। आफ्नो व्यथाको सुनुवाइ कतैबाट पनि नहुने अवस्थामा त्यसो हुनु अन्यथा होइन ।

कुनै अध्ययनविना हचुवाका भरमा राज्यकोषउपर अर्बौंको व्ययभार पर्ने गरी मन्त्रालयहरूको संख्या बढाइएको छ । नयाँ मन्त्रीहरूलाई जसोतसो गरेर मन्त्रालय व्यवस्था गरिएको छ । दलहरूलाई भाग पुऱ्याउन मन्त्रालय फुटाएर नयाँ मन्त्रालयहरू थप गरिएपछि त्यस्तो अवस्था आउनु स्वाभाविकै हो । दलीय भागबन्डा मिलाउन मन्त्रालय फुटाउने कार्यलाई कसैले पनि राम्रो भन्दैनन्। भूकम्पपीडितहरू आवासको पर्खाइमा छन्। टहरामा जीवन गुजार्दै आएका भूकम्पपीडितहरू चिसो लागेर दिनहुँ मर्दै जान थालेको अवस्था छ। यस्तो परिस्थितिमा मुलुकउपर अन्धाधुन्ध आर्थिक दायित्व थप हुने कार्यमा गम्भीरता नदेखिनु चिन्ताको विषय हो । राज्यउपर अर्बौंको व्ययभार बढाउने कार्य गर्दा दसचोटि सोचिनुपर्ने हो परन्तु विडम्बनाको कुरा के हो भने बिल्कुलै हचुवाका भरमा यस्ता कार्य भइरहेका छन्। मुलुक नाकाबन्दीमा परेको अवस्था केही व्यापारी र राजनीतिकर्मीहरूका लागि अतिरिक्त उपार्जनको स्वर्णिम अवसर बन्न पुगेको छ। सामाजिक, आर्थिक क्षेत्रमा नाकाबन्दीको परिणाम वास्तवमै भयावह छ । अर्थतन्त्र ध्वस्त भएको मात्र होइन, दशकौंसम्म पछि धकेलिएको छ। विद्यार्थीको एक शैक्षिक सत्र त्यत्तिकै खेर गएको छ। एक शैक्षिक सत्र खेर जानु भनेको वास्तवमा एउटा पुस्ता नै बर्बाद हुन पुग्नु हो। कालोबजारी नै औपचारिक अर्थतन्त्र भएको छ। इन्धनको कालोबजारी घनीभूत रूपमा संस्थागत हुँदा राज्यले ठूलो क्षति बेहोर्नुपरिरहेको छ ।

मुलुक अत्यन्त चुनौतीपूर्ण र विषम अवस्थामा छ, अहिले। चौतर्फी संकटमा छ भने हुन्छ। मुलुकमा एक पक्ष खोक्रो राष्ट्रवादको दुहाई दिनमै तल्लीन देखिन्छ । जनजीवन सहज तुल्याउन सरकारले कुनै विकल्प दिन सकेको छैन। सरकारको काम कारबाहीमा देश जटिल स्थितिबाट गुज्रिरहेको वास्तविकताको झलकसम्म दृष्टिगोचर हुँदैन । जिम्मेवारीमा रहने अधिकारीहरू यो र यस्तै व्यवहारका कारण हाम्रा युवाहरूले मुलुकमा आफ्नो भविष्य सुरक्षित देख्न छाडेका छन् । संविधान घोषणापछि पनि राष्ट्रिय राजनीतिको दिशा र दशा केही भन्न सकिने स्थितिमा छैन । संविधानको कार्यान्वयनमा पनि कसैको चासो देखिँदैन । विकास, प्रगति र समृद्धिका कुरा भाषणमा मात्र सीमित छन् भने जनजीवनलाई सहज बनाउने प्रश्न ओठेभक्तिमा मात्र छ। अत्यावश्यक आधारभूत वस्तुहरूको अभावले जनताको दैनिकी यति कष्टकर बनेको छ कि त्यसको शब्दमा वर्णन गर्न सकिँदैन । वार्ताबाट समस्या समाधानको विकल्प छैन भनिन्छ, किन्तु वार्ताका लागि सरकारबाट गम्भीर प्रयत्न हुन सकेको अनुभव हुँदैन ।

**परिवर्तन र समृद्धिको जनचाहना भाषणमा मात्र सीमित रहने लक्षण देखिन्छ । शासनको मोर्चामा गठबन्धन सरकार आफ्नै साझेदार, प्रतिपक्षी र चौथो जगत्‌बाट आलोचित भइसकेको छ । आलोचना निम्त्याउने अलोकप्रिय कार्य सरकार प्रमुख स्वयंबाट भएको छ । सरकारका अलोकप्रिय निर्णयहरूले आफ्नै पार्टी पंक्तिमा निराशा बढाएको छ । न राजनीतिक मोर्चामा न शासनका क्षेत्रमा सरकारको कार्यसम्पादन उत्साहजनक छ।**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँगको वार्ता 'ताप्के नतात्ने, बिँड तात्ने' भनेजस्तै भएको छ। नेपाली कांग्रेस र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल मोर्चाका नेताहरूसँग निरन्तर संवादमा छन्। प्रधानमन्त्री भने वार्ताप्रति त्यति गम्भीर नरहेजस्तो देखिन्छ । अब त धेरैले प्रधानमन्त्रीउपर कटाक्षपूर्ण अभिव्यक्ति दिएर वार्ताको वातावरण बिथोल्ने गरेको आरोप लगाउन थालेका छन् । आक्रोश, आक्षेप वा आरोपप्रत्यारोपले समस्या समाधान हुँदैन। समस्या लम्बिँदै जाँदा आखिर मारमा पर्ने भनेका सर्वसाधारण जनता नै हुन् । जनताको बेहाल भइसकेको छ। संविधान जारी भएको एक सय दिन भन्दा बढी भइसकेको छ किन्तु यसको कार्यान्वयनमा देखापरेको समस्या भने यथावत छ । संविधानप्रति असन्तुष्टि जनाउँदै मधेस लामो समयदेखि आन्दोलन र बन्दमा छ। हिंसा र विध्वंसका गतिविधि जारी छन् । नाकाबन्दीको परिणामस्वरूप मुलुकका विभिन्न भागमा मानवीय समस्या पैदा भएको छ । त्यसैले, अब समस्या समाधानका लागि गम्भीर पहलको खाँचो छ। होइन भने मुलुक दूरगामी संकटमा फस्ने निश्चित छ। मुलुकमा तस्करी र कालोबजारी मौलाउँदा र सर्वसाधारण जनताको जीवन कहालीलाग्दो हुँदा पनि सरकार मूकदर्शक भएर बस्न मिल्दैन ।

मुलुक विषम परिस्थितिबाट गुज्रिरहेका बेला राजनीतिक नेतृत्व भने स्वेच्छाचारी बन्दै गएको आभास हुन्छ । एकपछि अर्को गर्दै अलोकप्रिय र जनविरोधी निर्णयहरू भइरहेका छन् । सरकारको कार्य सञ्चालन शैली दीर्घसूत्री र सनातन प्रकृतिको छ। जनता नाकाबन्दी र कालोबजारीको मारमा छन्, किन्तु जनप्रतिनिधि संस्था भने अनिर्णयको बन्दी बनेजस्ता छन् । न त्यहाँ नाकाबन्दी, न तस्करी र कालो बजारीका सम्बन्धमा सशक्त चर्चा र बहस हुन सकेको छ। संसद्मा जनप्रतिनिधिहरूको आवाज गुन्जिन सकेकै छैन। राष्ट्रिय राजनीति जनताले दैनन्दिन बेहोर्नुपरेका समस्याहरूबाट टाढिँदै गएको प्रमाण हो यो। अत्यावश्यक वस्तुहरूको आपूर्ति बढाउन नसकिए पनि उपलब्ध वस्तुहरूको वितरण प्रणाली व्यवस्थित गर्न सकिन्थ्यो तर त्यो पनि हुन सकेको छैन। त्यसैले, निर्धा र पहुँचविहीनहरूको दुर्दशा भएको छ। कसैले बढी लगेका छन् भने कसैले पाउनै सकेका छैनन् । यस्तो कुरामा जनप्रतिनिधिले चासो राख्नु जरुरी छ। मधेस आन्दोलनले सबै आजित र मुलुक पनि धराशायी भएकाले त्यसको शीघ्र अवतरणका लागि सबै पक्ष गम्भीर नभई हुँदैन । मधेसी मोर्चासँग वार्ता गर्न सरकार अग्रसर हुनुपर्छ, अब पनि आन्दोलन लम्बिइरहने अवस्था वाञ्छनीय हुन सक्दैन ।

बहुदलीय राजनीतिक प्रणालीमा दलहरूको आरोहअवरोह नितान्त स्वाभाविक कुरा हो । त्यस्तो हुनु कुनै अनौठो मान्न मिल्दैन । जनताको अभिमत स्थिर रहिरहने कुरा हुँदैन । राजनीतिक दलहरूको नीति र कार्यक्रम तथा नेतृत्वको कार्यकुशलताका आधारमा जनमत घटबढ भइरहन्छ । तर, मुलुक भने अधोगतिमा लाग्नु हुँदैन । मुलुकको अस्मिता र पहिचान कुनै पनि हालतमा अक्षुण्ण रहिरहनुपर्छ । मुलुक निरन्तर अगाडि बढिरहनुपर्ने कुरा निर्विवाद छ। तर, वर्तमान अवस्था भने त्यस्तो छैन। मुलुकको अस्मिता र पहिचानउपर नै प्रश्नहरू उठाउन थालिएको छ। प्राकृतिक र मानवनिर्मित विपत्तिका कारण मुलुक निरन्तर अधोगतितिरै उन्मुख छ। जनता निराश छन् र उनीहरूमा आशा र उत्साह जगाउन कोही सक्षम देखिँदैनन् । सरकार राम्रालाई होइन, आफ्नालाई प्राथमिकता दिइरहेको छ। राम्रालाई नभएर आफ्नालाई प्राथमिकता दिने कार्यशैलीले निरन्तरता पाइरहने हो भने मुलुकको अग्रगति सम्भव छैन । कार्यक्षमताका आधारमा होइन, जाति, लिंग र समुदायका आधारमा सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएकै छ । राजनीतिक क्षेत्रको चालामालालाई ध्यानमा राख्दा हाम्रा नेताहरू मुलुकलाई असफल राज्य बनाउने मार्गतिर धकेल्दै छन् भन्ने स्पष्ट हुन्छ ।

बुझेर वा नबुझेर के हो, कतिपयले अन्तरिम संविधानमा गरिएअनुरूपको व्यवस्था पनि नयाँ संविधानमा नभएको भन्ने गरेका छन् । नेपालको अन्तरिम संविधान निर्माण कुन विधि र प्रक्रियाबाट कुन परिस्थितिमा कसरी बनेको थियो भन्ने कुरा जगजाहेरै छ । नयाँ संविधान निर्माण नहुँदासम्म वैधानिक रूपमा राज्य सञ्चालन गर्ने उद्देश्य अन्तरिम संविधान निर्माणमा अन्तर्निहित रहेको हो । अन्तरिम संविधान जनभावनाको प्रतिबिम्ब होइन । त्यसैले, अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रावधान जस्ताको त्यस्तै नयाँ संविधानमा राख्नुपर्छ भन्न मिल्दैन। अन्तरिम संविधानका प्रावधान यथावत रूपमा स्विकार्नुपर्ने अवस्थामा संविधानसभाको आवश्यकता नै नपर्ने स्पष्ट छ । यहाँ के कुरा दोहोऱ्याइरहनुपर्दैन भने संविधानसभा स्वयंमा सम्प्रभुता सम्पन्न संस्था हो । संविधानसभाले संविधान निर्माणको सन्दर्भमा विगतमा विभिन्न राजनीतिक दलबिच भएका सहमति, सम्झौताहरू यथावत रूपमा वा अंशतः स्विकार्न वा पूर्ण रूपमा अस्वीकार गर्न सक्छ । निहित स्वार्थका कारण यो वस्तुतथ्य ओझेलमा पार्ने कार्य भइरहेको छ । विगतमा भए गरेका सहमति संविधानसभाले अस्वीकार गरेको हो । संविधानसभाको सम्प्रभुता अवमूल्यन गर्न खोज्नु भनेको प्रकारान्तरले जनतामा सम्प्रभुता निहित हुने व्यवस्था अस्वीकार गर्नु हो ।

मुलुकले बहुदलीय लोकतन्त्र र संसदीय परिपाटी अँगालेको छ। लोकतन्त्रमा सिद्धान्त र विचारधाराका आधारमा राजनीतिक दलहरूको गठन हुन्छ। राजनीतिक दलहरूले जनताबाट ऊर्जा ग्रहण गर्नुपर्छ र जनभावना आत्मासत् गरी क्रियाशील रहनु जरुरी हुन्छ । जनभावनाका वास्तविक संवाहक राजनीतिक दलहरूले जनताका बिच आफ्नो स्थान बनाउँछन्, जनताको सहयोग र समर्थन प्राप्त गर्छन् र निर्वाचनमा जनताको अभिमत पनि पाउँछन्। लोकतन्त्र मूलतः प्रतिस्पर्धात्मक व्यवस्था हो । निर्वाचन दलहरूबिच प्रतिस्पर्धाकै लागि हो । प्रतिस्पर्धामा आफू पछि परे पनि आफ्नो एजेन्डा सम्बोधनको दाबी गरिरहनु अलोकतान्त्रिक चरित्र हो । जनअनुमोदन नै जनप्रतिनिधित्व दाबीको एक मात्र आधार हो । निर्वाचनमा पराजय भोग्नेहरू जनप्रतिनिधि हुन सक्दैनन् । जनअभिमत प्राप्त गर्ने राजनीतिक दल र त्यसको नेतृत्वले जनअनुमोदित आफ्नो नीति, कार्यक्रम र दृष्टिकोण अनुसरण गर्नुपर्छ। आफ्ना प्रतिपक्षी दलहरूको मुद्दा, दृष्टिकोण वा अडान स्वीकार गर्ने कुरै हुँदैन । यो सरल राजनीतिक सत्य हो। आफ्नो राजनीतिक अडानको अनुमोदन प्रतिपक्षी दलहरूबाट होइन, जनता जनार्दनबाट खोज्ने हो । निर्वाचनका क्रममा जनताले अस्वीकार गरेका माग अन्य राजनीतिक दलहरूले कसरी स्वीकार गर्न मिल्छ ? राजनीतिक दलले अन्य राजनीतिक दलहरूसँग माग राख्ने नै होइन । पूरा हुन नसकेका आफ्ना दलगत एजेन्डा लिएर जनता माझ जाने छुट राजनीतिक दललाई जहिलेसुकै हुने यथार्थ सबैले आत्मसात् गर्नु जरुरी छ ।

परिवर्तन र समृद्धिको जनचाहना भाषणमा मात्र सीमित रहने लक्षण देखिन्छ । शासनको मोर्चामा गठबन्धन सरकार आफ्नै साझेदार, प्रतिपक्षी र चौथो जगत्‌बाट आलोचित भइसकेको छ। आलोचना निम्त्याउने अलोकप्रिय कार्य सरकार प्रमुख स्वयंबाट भएको छ। सरकारका अलोकप्रिय निर्णयहरूले आफ्नै पार्टी पंक्तिमा निराशा बढाएको छ । न राजनीतिक मोर्चामा न शासनका क्षेत्रमा सरकारको कार्यसम्पादन उत्साहजनक छ । उखान टुक्का र प्रतिपक्षी लक्षित कटाक्ष सुन्दासुन्दा जनता दिक्क भइसकेका छन् । संविधानको कार्यान्वयन चुनौतीपूर्ण हुँदै गइरहेको छ। सरकार तपसिलका कुरामा अल्झिइरहेको प्रतीत हुन्छ। संविधान कार्यान्वयनमा आवश्यक सहमति जुटाउने कार्य सत्ता स्वार्थको छायामा पर्नु वास्तवमै दुर्भाग्य हो । आलोचनाहरूलाई ओठे जवाफ दिएर समस्याको समाधान हुन सक्दैन । तराई संकट समाधान, आपूर्ति व्यवस्थाको सहजीकरण, तस्करी र कालोबजारी नियन्त्रण र भूकम्पपीडितलाई राहत र सहयोगको उपलब्धताका क्षेत्रमा सरकारबाट कुनै प्रभावकारी काम हुन सकेको छैन । संविधान कार्यान्वयनमा जटिलता वर्तमानको सर्वाधिक महत्त्वपूर्ण समस्या हो । सर्वोपरि प्राथमिकता साथ यो समस्याको निरूपण गर्न र मुलुकलाई जनअपेक्षाअनुसार सुशासन, विकास र समृद्धिको मार्गमा अगाडि बढाउनु जरुरी छ ।

# कांग्रेस नेतृत्वसँगका अपेक्षा



■ विनोद नेपाल

मुलुकको सबैभन्दा ठूलो र पुरानो दल नेपाली कांग्रेस यतिखेर महाधिवेशनको तयारीमा जुटेको छ । पार्टी विधानमा हरेक चार वर्षमा महाधिवेशन गर्नुपर्ने व्यवस्था भए पनि कांग्रेसले सो अवधिभित्र महाधिवेशन गर्न सकेको देखिँदैन । बरु प्रायः गरेर पदावधि एक वर्ष लम्ब्याउन सक्ने प्रावधानलाई टेकेर महाधिवेशन एक वर्षपछि नै धकेल्ने गरेको छ। यसपटक त यो थपिएको अवधिभित्र पनि महाधिवेशन गर्न असमर्थ भयो र वैधानिकतामाथि नै प्रश्न उठ्ने अवस्था आयो। अन्ततः नयाँ संविधानको प्रावधानलाई टेक्दै आफ्नो वैधानिकता जोगाउन सफल भयो ।

टार्न मिल्ने भए कांग्रेस नेतृत्वले सम्भवतः अहिले पनि टार्ने थियो । तर, बाध्यात्मक अवस्था भएपछि आगामी फागुनको अन्तिम साता तेह्रौं महाधिवेशन गर्ने तयारीमा छ। सबै किसिमले बन्धन र बाध्यतामा परेकाले यसपटक महाधिवेशन हुनेमा कुनै शंका छैन तर यसका लागि भइरहेका तयारी हेर्दा सबैलाई कांग्रेसको गतिविधि तमासा भएको छ। क्रियाशील सदस्यता वितरणमा गुट उपगुटको खेल, आफ्नो र अर्कोको विवाद र छानबिन एकातिर छ भने अर्कोतिर असन्तुष्टिका कारण अनसन बस्नेहरू थुप्रै छन् । यसैगरी, असन्तुष्टहरूको चित्त बुझाउन पदाधिकारी थप्ने योजना अघि सारिएको सार्वजनिक भएको छ । सभापतिका दाबेदारहरूको चर्चा र तिनका प्रचार शैलीले पनि सबैलाई मनोरञ्जन दिइरहेका छन् । क्याम्प परिवर्तनका समाचारहरू पनि सार्वजनिक भएका छन् ।

त्यसो त कांग्रेस सधैं नै गुटबन्दीको सिकार बन्दै आएको छ। गुटबन्दीकै कारण पार्टी छाड्ने क्रम कांग्रेसको स्थापनाकालदेखि नै चल्दै आएको हो। प्रतिबन्धित कालमा पनि यो समस्या थियो। खुला राजनीतिमा आएपछि पनि यो क्रम जारी रह्यो। बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि यो क्रम झनै बढ्यो। बहुदलीय व्यवस्थाको पुनःस्थापना भएलगत्तै कांग्रेसमा प्रवेश गर्ने लहर नै चल्यो । चैतमा बहुदल आयो, ठूलो र आमसमुदायसम्म पुगेको पार्टी भएकाले यसमा पसेमा सत्तामा हालिमुहाली गर्न सकिने आशाले पनि धेरै मानिस कांग्रेसमा प्रवेश गरे । यिनमा अधिकांश लोभीपापी परे । यसरी कांग्रेसमा प्रवेश गर्नेहरूलाई 'चैते कांग्रेस' भन्न थालियो । रमाइलो के भयो भने पछि ती 'चैते'हरू नै पार्टीमा हाबी भए। तिनकै पहुँच र बोलबाला बढ्यो । त्यसले कांग्रेसमा विकृति भित्र्यायो । तिनै चैतेहरू स्वर्गीय नेता गिरिजाप्रसाद कोइरालाका निकटस्थ बनेर रहँदा सच्चा कांग्रेसीहरू पाखा परे । कांग्रेसमा असन्तुष्टि बढ्यो, गुटबन्दी मौलायो । उसको भनेर विभाजित र विखण्डित गर्ने गरिएको छ । कांग्रेसको आन्तरिक लोकतन्त्रमाथि सधैं प्रश्न उठेको छ। नियमित रूपमा बैठक नहुने र बैठक बसेर संस्थागत रूपमा गर्नुपर्ने निर्णयहरू पनि व्यक्तिले नै गर्ने प्रचलन छ । यसैले कतिपय निर्णय विवादित बनेका र व्यक्तिका स्वार्थमा भएका निर्णय स्वेच्छाचारी हुने गरेका छन्। तिनले बेलाबखत अप्ठेरो पनि पारेका छन्। लोकतान्त्रिक पार्टी आफैं अलोकतान्त्रिक प्रक्रियाबाट चल्नु उचित होइन । दिशाहीन, गतिहीन जस्तो कांग्रेसलाई गतिशील र सक्रिय बनाउने नेतृत्व अहिलेको आवश्यकता हो ।

यतिखेर पदाधिकारी थप्ने योजना भइरहेको पनि सार्वजनिक भएको छ। भागबन्डा वा सन्तुलन मिलाउनका लागि यसो गर्नु गलत हो । यसले समस्या सुल्झाउँदैन, झनै बल्झाउँछ । कुनै पनि पदको सिर्जना आवश्यकता र औचित्यको आधारमा हुनुपर्छ। पदको सिर्जना त्यतिखेर हुनुपर्छ जतिखेर कुनै जिम्मेवारी दिनुपर्ने हुन्छ वा कार्यबोझ बढ्छ। तर, यसो नगरी हचुवामा र कसैलाई चित्त बुझाउन मात्र पदाधिकारी संख्या थप गरियो भने त्यो समस्याको कारक बन्छ । यसो गर्दा समकक्षीको संख्या बढी भई समन्वयको अभाव हुने र गुटबन्दी मौलाउने अवस्था सिर्जना हुन्छ । माथिल्ला पदमा जाँदै गर्दा, जहाँ सीमित स्थान हुन्छन्, आकांक्षीको संख्या बढ्ने र गुटबन्दी मौलाउन पुग्छ जुन दलका लागि दीर्घकालसम्म प्रत्युत्पादक हुन्छ ।

**परम्परागत, वंशको नाममा हाबी हुन खोज्ने प्रवृत्ति र शैलीले कांग्रेसलाई समयसँगै अघि बढ्न नदिने र यथास्थितिमै राखिरहने भएकाले कांग्रेसले परिवर्तनको बाटो अँगाल्नुपर्छ। यसलाई कुनै वंशको नभई समस्त नेपालीको साझा दलका रूपमा परिणत गर्नुपर्छ। मुलुकमा लोकतन्त्र र नागरिक अधिकारका लागि भएका आन्दोलन र क्रान्तिको नेतृत्व गरे पनि आफूमा समयानुकूल परिमार्जन र सुधार गर्न नसक्ने कांग्रेस अझै पनि त्यही शैलीमा रहन खोज्छ वा राख्न खोजिन्छ भने त्यसले कांग्रेसले लोकतन्त्र र अन्ततः मुलुकको हित गर्दैन, बरु नोक्सानी हुन्छ।**

यही कारण जीवनको उत्तरार्द्धमा गणेशमान सिंह तथा कृष्णप्रसाद भट्टराईले कांग्रेस परित्याग गर्नेसम्मको अवस्था आएको जगजाहेर नै छ ।

कांग्रेसले धेरै हन्डर र ठक्कर खाएको छ। धेरै कुरा भोगेको छ। यो यथार्थ कांग्रेसीजन र खासगरी नेतृत्वमा पुगेका र दाबी गरिरहेकाहरूले बुझ्नुपर्छ। सत्तामा रहेर वा प्रतिपक्षमा रहेर पनि सधैं कांग्रेस एक्लो नै छ। ऊमाथिको चुनौती अझ थपिएको छ। यो यथार्थ पनि कांग्रेसीहरूले बुझ्नुपर्ने हो । यस सन्दर्भमा रोगी र निष्क्रिय होइन, स्वस्थ र सक्रिय कांग्रेस आजको आवश्यकता हो । तर, कांग्रेसमा अझै पनि वंश र पक्षका कुरा गरेर गुटबन्दीकै बलमा ओहदा हत्याउने प्रयास भइरहेको छ। यो प्रवृत्तिको अन्त्य हुनु जरुरी छ। नेतृत्व उत्तराधिकारीप्रति उदासीन रहँदा वा स्पष्ट नहुँदा पनि कांग्रेसमा नेतृत्वका लागि अस्वस्थ प्रतिस्पर्धा र यसैकारण गुटबन्दीलाई प्रश्रय मिलेको हो । यसप्रति नेतृत्व गम्भीर हुनुपर्छ ।

कांग्रेसमा व्यक्तिवादी प्रवृत्ति हाबी छ । संगठन हाँक्ने क्षमता, समस्या समाधान गर्ने खुबी र अन्य दलसामु प्रस्तुत हुने शैली एवं अन्य कार्यदक्षताभन्दा गुट उपगुटका कुरा गर्ने प्रवृत्ति छ । कार्यकर्तालाई यसको र

यस सन्दर्भमा कांग्रेसले अब पार्टीको शुद्धीकरण र सुदृढीकरणका साथै आउने जस्तासुकै समस्या र चुनौतीको सामना गर्न सक्ने नेतृत्व चयन गर्नुपर्छ । परिवर्तनलाई आत्मसात् गर्दै पार्टीलाई गतिशील बनाउन सक्ने नेतृत्व अहिलेको आवश्यकता हो । परम्परागत, वंशको नाममा हाबी हुन खोज्ने प्रवृत्ति र शैलीले कांग्रेसलाई समयसँगै अघि बढ्न नदिने र यथास्थितिमै राखिरहने भएकाले कांग्रेसले परिवर्तनको बाटो अँगाल्नुपर्छ। यसलाई कुनै वंशको नभई समस्त नेपालीको साझा दलको रूपमा परिणत गर्नुपर्छ। मुलुकमा लोकतन्त्र र नागरिक अधिकारका लागि भएका आन्दोलन र क्रान्तिको नेतृत्व गरे पनि आफूमा समयानुकूल परिमार्जन र सुधार गर्न नसक्ने कांग्रेस अझै पनि त्यही शैलीमा रहन खोज्छ वा राख्न खोजिन्छ भने त्यसले कांग्रेस, लोकतन्त्र र अन्ततः मुलुकको हित गर्दैन, बरु नोक्सानी हुन्छ। कुनै खास नेताविशेष वा समूह वा परिवारको नाममा यस्तो निर्णय लिनु गलत हुने भएकाले यसमा मूलतः कांग्रेस नेतृत्व गम्भीर हुनुपर्छ। सबैले आफूले के गरियो वा के गर्न सकिएन र किन गर्न सकिएन, गर्नुपर्ने के थियो ? कांग्रेस सत्तामा रहँदा के गऱ्यो र के गरेन ? अब गर्नुपर्ने काम र अबका जिम्मेवारी केके हुन् ? जस्ता कुराहरू राम्ररी विचार गरी आत्मसमीक्षाका साथै कांग्रेसको वस्तुपरक मूल्यांकन गरेमा आगामी नेतृत्व चयन गर्न पनि सजिलो हुन सक्छ। गालीगलौज र आरोपप्रत्यारोपको राजनीतिले कसैको हित नगर्ने भएकाले यसप्रति नेताहरू गम्भीर हुनुपर्छ ।

समग्रमा, भावी योजना र कार्यक्रम बनून्, सम्भावित चुनौती र तिनको सामना गर्ने उपायहरू स्पष्ट होऊन्, विभाजनले कमजोर हुने यथार्थलाई महसुस गर्दै पार्टीलाई एक ढिक्का बनाउन मूल नेतृत्वबीच एकता देखियोस् भन्ने समर्थकहरूको अपेक्षा छ। तर, नेताहरूको स्वार्थ र नियतले सबैलाई आश्चर्यमा मात्र पारेको छैन, विभाजित हुन बाध्यसमेत बनाएको छ । यसर्थ, सुधार नेतृत्वबाटै हुनुपर्छ र अहिलेका शीर्ष तीन नेता एक भई प्रस्तुत नभएसम्म कांग्रेसमा वास्तविक एकता कायम हुन सक्ने छैन । प्रमुख तथा सभापतिको पद ताक्ने नेताहरूबीच एकता नभएसम्म कांग्रेस सबल र सुदृढ हुन सक्दैन । यसैले ओहदा हत्याउने होइन, परवर्तित सन्दर्भ अर्थात् संघीयतामा संगठनको प्रदेश संरचना कस्तो हुने ? नीति, रणनीति के हुने ? भन्ने विषयमा गहन छलफल हुनुपर्छ। यसैगरी पुरानै कुराको नवीकरण गर्ने अवसरका रूपमा महाधिवेशनलाई औपचारिकतामा सीमित राख्ने प्रयास भयो भने त्यो कांग्रेसका लागि नै घातक हुने भएकाले पदको भागबन्डामा अल्मलिने होइन, नयाँ परिवेशमा नयाँ ढंगमा सोच्ने र आवश्यक नीति, रणनीतिका साथै विचार, मान्यता र आदर्शमा समेत समयानुकूल आवश्यक परिमार्जनका लागि पनि उत्तिकै ध्यान जानुपर्छ। यसका साथै दाबेदारहरूबीच दाउपेच र षड्यन्त्र होइन, स्वस्थ प्रतिस्पर्धा आवश्यक छ। यसले मात्र पार्टी र लोकतन्त्रलाई अगाडि बढाउन सहयोग गर्छ ।

## दक्षिण एसिया

# भारतविरोधीमा अंकुश

नयाँ वर्षको दोस्रो दिन नै पन्जाबमा पठानकोटस्थित एयरफोर्स बेसमा भएको आतंकवादी आक्रमणबाट केही कुरा प्रस्ट हुन्छ। यो आक्रमण भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अचानक भएको लाहोर यात्रा तथा पाकिस्तानी प्रधानमन्त्री नावाज सरिफसँगको भेटवार्तामा दुई देशबिच शान्ति सौहार्द सम्बन्ध स्थापित गर्ने कुराको एक सातापछि भएको छ। प्रस्ट छ, विगतको जस्तै संवाद र सम्बन्ध सुधार प्रक्रियालाई अगाडि बढाउन पाकिस्तानमा भारतविरोधी गतिविधि हुनुहुँदैन। अहिलेसम्म प्राप्त सूचनाअनुसार यस आक्रमणको सम्बन्ध पाकिस्तानस्थित आतंकवादी संगठन जैस-ए-मोहम्मदसँग जोडिएको छ जसका हर्ताकर्ता मौलाना मसूद अजहर हुन्। पाकिस्तानले यस आक्रमणलाई एकपटक फेरि गैरसरकारी तत्त्वको चलखेल भन्न सक्छ तर यस्ता तत्त्वका पछि हरेक पटक पाकिस्तानी सेनाको बदनाम खुफिया एजेन्सी आईएसआईको साथ र सहयोग देखिएको छ । यसकारण पाकिस्तान सरकार आफ्नो जिम्मेवारी र जवाफदेहिताबाट मुक्त हुन सक्दैन। यस्तै, यदि कुनै आम पाकिस्तानी नागरिक पनि भारतविरोधी आतंकवादी गतिविधिमा संलग्न पाइएमा, त्यसबेला पनि त्यसलाई रोक्ने जिम्मेवारी त्यहाँको सरकारकै हो।

खुफियातन्त्र एवं सुरक्षा बललाई यस कुराका लागि तारिफ गर्नुपर्छ कि उनीहरूले लडाकू विमानसमेत एयर बेसमा रहेका रक्षा सामग्रीलाई नोक्सानी पुऱ्याउने आतंकवादीको उद्देश्यलाई असफल बनाइदिए । तर, केही महिनामै तेस्रो पटक पन्जाबलाई निशाना बनाउने खबरको स्पष्ट संकेतलाई नजरअन्दाज गर्नुहुँदैन । आतंकवादीले कहाँबाट भारतीय सीमामा प्रवेश पाए ? यसको पुष्टि त उनीहरूबाट बरामद अत्याधुनिक हतियार जीपीएसबाट नै हुन्छ तर यसको अस्तित्व पत्ता लगाइएको २४ घन्टाभित्र उसलाई पक्राउ गर्न सकिएको भए यो आक्रमण हुने नै थिएन जसमा सात भारतीय जवानको ज्यानसमेत गयो। खुफिया सूत्रबाट प्राप्त जानकारीअनुसार भारतीय सीमामा उपस्थित आतंकवादीको संख्या डेढदेखि दुई दर्जन थियो। यस्तो बेलामा यो पनि आवश्यक हुन्छ कि सीमानाकामा कडा निगरानीसँगै आतंकवादीको खोजी पनि तीव्र पारिनुपर्छ।

यसो गरेर एक पटक फेरि उनीहरूको आक्रमण योजनालाई असफल पार्न सकिन्छ । अर्कोतर्फ उनीहरूलाई जिउँदो साक्षीका रूपमा पेस गरेर पाकिस्तानमाथि दबाब दिन पनि सकिन्छ जसले गर्दा पाकिस्तानलाई त्यहाँ सक्रिय भारतविरोधी शक्तिमाथि अंकुश लगाउन मद्दत पनि गर्नेछ। खुफिया सूचनाअनुसार पाकिस्तानस्थित आतंकवादी संगठनहरू मिलेर भारतमा आक्रमण तीव्र पार्ने योजना बनाएका छन्। तथापि, यो अप्रत्याशित भने होइन तर भारत-पाक सम्बन्धमा सुधारको प्रयासमा अवरोध गर्ने शक्तिहरूको मनसायलाई असफल बनाउनु वाञ्छित परिणामका लागि पहिलो अनिवार्य सर्त हो।

*(भारतबाट प्रकाशन हुने 'दैनिक ट्रिब्युन'को सम्पादकीय)*

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# प्याट्रिकले गरे नेपाल नफर्किने घोषणा

**रामसुदन तिमल्सिना/राजधानी**
काठमाडौं, २० पुस



अखिल नेपाल फुटबल संघ (एन्फा) को गतिविधिबाट नेपाली राष्ट्रिय फुटबल टिमका प्रमुख प्रशिक्षक प्याट्रिक ओसेम्स रुष्ट हुँदै एन्फासँगको नवीकरण नथप्ने निर्णय गरेका छन्। बंगलादेशमा हुने बङबन्धु कपमा एन्फाले आफूले दिएको सूचीविपरीत नाम घोषणा गरेपछि उनले नेपाली मिडियालाई पत्राचार गर्दै एन्फा व्यावसायिक संस्था नभई व्यक्तिगत स्वार्थ पूरा गर्ने व्यक्तिहरूको अखडा भएको बताएका छन्। उनले एन्फासँग आफ्नो सम्झौता नवीकरण नगर्ने तर नेपाली प्रतिभावान् युवा खेलाडीलाई युरोपमा खेल्न आउन सहयोग गर्ने वचन दिएका छन्।

सोमबार एन्फाले सार्वजनिक गरेको टोलीमा अनिल गुरुङ र किरण चेम्जोङ परेका छैनन्। एन्फामा प्रशिक्षकलाई समेत खेलाडीको सन्दर्भलाई लिएर दबाब दिने चलन पुरानै हो। तर, प्याट्रिकलाई सो स्वीकार्य भएन र उनले त्यसको विरोध गरेका छन्।

भारतमा भएको साफ च्याम्पियनसिपलगत्तै औषधि उपचारका लागि फ्रान्स पुगेका प्रशिक्षक ओसम्सले फ्रान्सबाटै विज्ञप्ति जारी गर्दै आफूले भारतमा हुने साफ र बंगलादेशका लागि २३ खेलाडीको सूची एन्फालाई दिएको भए पनि फरक सूची सार्वजनिक गरेपछि आफू आश्चर्यमा परेको बताएका छन्। उनले आफूले तयार गरेको सूचीमा एन्फाले गरेको फेरबदल स्वीकार्य नहुने बताए।

'म व्यावसायिक तरिकाले काम गर्छु। त्यसैले मैले छनोट नगरेको खेलाडीको टिमलाई म नेतृत्व गर्ने कुरा स्वीकार्न सक्दिनँ,' उनले विज्ञप्तिमा भनेका छन्, 'मैले ५ जनवरीमा काठमाडौं आउने योजना बनाएको थिएँ। तर, यो अवस्थालाई ध्यानमा राखेर म नेपाल फर्कनु व्यर्थ हुनेछ।'

एन्फासँग भएको सम्झौताअनुसारको उनको कार्यकाल २ महिना बाँकी भए पनि एन्फाको गैरजिम्मेवारीका कारण उनले सम्झौता तोड्ने देखिन्छ। एन्फाका पदाधिकारीले आफ्नो कार्यक्षेत्र अधिकारभन्दा बाहिर गएर खेलाडीको सूची परिवर्तन गरेपछि प्याट्रिकले सम्झौता तोड्नुलाई अन्यथा मान्न नहुने फुटबल जानकारहरूको भनाइ छ। उनले विज्ञप्तिमा फुटबल फ्यानसँग बिदासमेत मागेका छन्। '४ महिना निकै छोटो समय हो। तर, नेपाललाई मेरो दिल र दिमागमा ठाउँ दिन ४ महिना पर्याप्त रह्यो,' उनले भनेका छन्।

४ महिनाको नेपाल बसाइले आफूलाई धेरै कुराको जानकारी भएको बताए। '४ महिनामा राष्ट्रिय टिमको खेल्ने शैलीमा पूर्ण परिवर्तन भएको छ। जुन अति आवश्यक थियो। साफ च्याम्पियनसिपको नतिजाले निराश बनाएको भए पनि प्रतिभावान् युवा खेलाडीको समूहले मोर्डन फुटबलको विकास गर्नेछन्। यसले भविष्य सुन्दर रहेको देखाउँछ,' उनले भने, '२ महिनामा थुप्रै सुधार भएको मैले देखेको छु।'

उनले एन्फामा रहेका पदाधिकारीको प्राथमिकतामा नेपाली फुटबलको विकास नरहेको आरोप लगाएका छन्। 'उनीहरू आफ्नो सामान्य स्वार्थमा रुमल्लिएका छन्,' प्याट्रिकले खुलासा गरे। व्यावसायिक रूपमा चल्ने व्यक्तिका लागि एन्फा उपयुक्त स्थान नरहेको उनको ठहर छ।

प्याट्रिकले एन्फालाई नेपाली फुटबलको निरन्तर विकास कसरी गर्न सकिन्छ भनेर योजना दिएका थिए तर सो विषयमा एन्फाले कुनै प्रतिक्रिया नदिएको उनले यसअघि पनि सार्वजनिक गरिसकेका छन्।

'खेलाडीलाई युरोपमा ट्रायलका लागि सम्पूर्ण सुविधा दिन एन्फालाई भनेको थिएँ। ४/५ जना खेलाडीलाई २/३ साताका लागि व्यावसायिक क्लबमा अवसर मिल्न सक्थ्यो। त्यसका लागि व्यावसायिक सम्झौता गर्ने अवसर छ। तर, उनीहरू कुनै प्रतिक्रिया दिँदैनन्,' प्याट्रिकले भने, 'अबको २ वर्ष कुनै पनि अफिसियल म्याच छैन। मैले एन्फालाई मैत्रीपूर्ण खेलको योजना बनाउन सल्लाह दिए। मैले दिएको योजनाको विषयमा तपाईंहरूको विचार के छ भनेर तिन पटक सोधें तर मैले कुनै प्रतिक्रिया पाइनँ।'

प्रशिक्षकको जिम्मेवारी प्याट्रिक ओसेम्सले सम्हालेपछि नेपालको राष्ट्रिय टिमका युवा खेलाडीले मौका पाएका छन्। यसलाई सकारात्मक रूपमा लिनुपर्छ। विवाद र म्याच फिक्सिङका कारण थलिएको नेपाली फुटबलबाट तत्काल नतिजा हेर्न नमिल्ने फुटबलविज्ञको राय छ।

नेपाली राम्रो फुटबल खेल्नमा केन्द्रित रहेको प्रशिक्षकको दाबी छ। उनी भविष्य सोचेर टिम तयारी गरिरहेका थिए। 'ओसेम्स भविष्यका लागि राम्रो टिम तयार पार्न चाहन्छन्। त्यसैले यो टिममा युवा खेलाडीलाई बढी प्राथमिकता दिएका हुन्,' एन्फाका एक पदाधिकारीले भने।

टिमले कस्तो नतिजा निकाल्छ भन्दा पनि कस्तो खेल्छ भन्नेमा आफू केन्द्रित रहेको प्याट्रिकले बताए। भविष्यमा राम्रो फुटबल खेल्ने टिम तयार पार्नका लागि सो शैली आवश्यक रहेको उनले औंल्याएका छन्।

# आयशा, यानकुमारी र रेजिना छनोट

**काठमाडौं/रास-** भारतमा माघ-फागुनमा हुने १२औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत तेक्वान्दोका लागि तिन महिला खेलाडी सोमबार छनोट भएका छन्।

आ-आफ्नो तौल समूमा पहिलो भएका खेलाडी सागका लागि छनोट भएका हुन्। त्यसमा समान १-१ राष्ट्रिय टिम, नेपाली सेना र नेपाल प्रहरी क्लबका खेलाडी परेका छन्।

६२ केजीमुनि १०औं सागकी रजत तथा ११औं सागकी स्वर्ण विजेता राष्ट्रिय टिमकी आयशा शाक्य पहिलो भइन्। आयशाले फाइनलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबकी संगीता बस्याललाई ८-१ ले पराजित गर्दै लगातार तेस्रो पटक सागमा सहभागिता पक्का गरिन्।

४९ केजीमुनि नेपाली सेनाकी यानकुमारी चौलागाईंले शीर्ष स्थानमाथि कब्जा जमाइन्। निर्णायक भिडन्तमा यानकुमारीले प्रहरीकी सीता तामाङलाई हराइन्।

११औं सागकी कांस्य विजेता यानकुमारी ११-२ ले विजयी भइन्। १२औं साग पनि यानकुमारीका लागि तेस्रो सहभागिता हुने थियो। १०औं सागका लागि छनोट भए पनि जन्डिसका कारण यानकुमारी सहभागी हुन पाएकी थिइनन्।

४६ केजीमुनि प्रहरीकी रेजिना कार्की छनोट भइन्। सागमा 'डेब्यु' गर्न लागेकी रेजिनाले पश्चिमाञ्चलकी सरिता श्रेष्ठलाई १-० को झिनो अन्तरले पाखा लगाइन्।

महिलाकै ५७ केजीमुनि राष्ट्रिय टिमकी ज्ञानी चुनारा र मध्यमाञ्चलकी रेणु लामा तथा ५३ केजीमुनि प्रहरीकी निमा गुरुङ र सेनाकी नम्रता तुलाधर फाइनलमा पुगेका छन्।

सागमा तेक्वान्दोबाट ८ पुरुष र ५ महिला गरी १३ खेलाडी सहभागी हुनेछन्। ७२ पुरुष र ४५ महिला गरी १ सय १७ खेलाडी छनोटमा सहभागी छन्। अन्तिम दिन मंगलबार ८ पुरुष र २ महिला गरी १० खेलाडीको टुंगो लाग्नेछ।

सागमा तेक्वान्दो नेपालमै भएको आठौं संस्करणदेखि समावेश भएको थियो।

अन्य पदकबाहेक तेक्वान्दोले सागमा नेपाललाई २४ स्वर्ण दिलाइसकेको छ। आठौंमा सर्वाधिक १४ स्वर्ण जितेको थियो भने नवौंमा ६ स्वर्ण प्राप्त गरेको थियो। त्यस्तै, दसौं र एघारौंमा २-२ स्वर्ण हात पारेको थियो।



## तेक्वान्दो छनोट विवादमा तानिँदै

**काठाडौं/रास-** सागका लागि भएको तेक्वान्दोको खेलाडी छनोट विवादमा पर्ने देखिन्छ। एउटै खेलका दुई संघ क्रियाशील रहेकाले विवाद हुने भएको हो। नेपाल तेक्वान्दो संघले सागका लागि खेलाडी छनोट गरेको छ।

उता राष्ट्रिय तेक्वान्दो संघ, नेपालले राष्ट्रिय खेलकुद परिषद्लाई पत्राचार गरी सबै खेलाडीले खेल्ने अवसर पाउनुपर्ने माग गरेका छन्। नेपाल तेक्वान्दो संघले सोमबारबाट सागका लागि खेलाडी छनोट सुरु गरिसकेको छ। राष्ट्रिय तेक्वान्दो संघले पनि सागका लागि २४ पुसमा खेलाडी छनोट गर्ने बताएको छ। यसअघि पनि सो संघका एक खेलाडीले इन्चोन एसियाडमा गए पनि खेलेका थिएनन्। सम्भावना बोकेको खेल तेक्वान्दो खेलभित्र पदाधिकारीको जुँगाको लडाइँले खेलाडी मारमा परेको बताइन्छ।

'तेक्वान्दो खेलको विवादका कारण कुनै पनि संघलाई छनोट अधिकार नदिई एउटै एरिनामा दुवै संघका खेलाडीलाई प्रतिस्पर्धा गराउने निर्णय गरी सातौं राष्ट्रिय खेलकुदका लागि जिल्ला छनोट भइसकेको सन्दर्भमा सागका लागि पनि यो निर्णय कार्यान्वयन हुनुपर्छ,' राष्ट्रिय तेक्वान्दो संघ, नेपालले सदस्यसचिव केशव विष्टलाई बुझाएको ज्ञापन पत्रमा उल्लेख छ।

'राखेपले आयोजना गर्ने सम्पूर्ण प्रतियोगितामा कुनै पनि तबरमा कुनै पनि कारणले नेपाली खेलाडीको स्वच्छ र स्वतन्त्र रूपले खेल्न पाउनुपर्ने माग राखेका छौं,' राष्ट्रिय तेक्वान्दो संघ, नेपालका महासचिव राजकुमार कार्कीले भने, 'यदि संघको विवादलाई लिएर खेलाडीलाई खेल्न वञ्चित गरिन्छ भने हामी जुनसुकै कानुनी उपचार लिन तयार छौं।'

# घम अस्ट्रेलियामा सम्मानित

**काठमाडौं/रास-** नेपाल आईटीएफ राष्ट्रिय ब्याल्कबेल्ट कमिटीका केन्द्रीय अध्यक्ष तथा ढोरपाटन स्पोर्ट्स प्रशिक्षण क्लबका सचिव घमबहादुर थापामगर अस्ट्रेलियामा सम्मानित भएका छन्।

थापालाई नेपाली समाज म्याग्दी सेवा समिति अस्ट्रेलियाले सम्मान गरेको हो। नेपालमा आईटीएफ तेक्वान्दोको विकास र विस्तारमा खेलेको उल्लेखनीय भूमिकालाई कदर गर्दै समितिका अध्यक्ष हरि रामजाली, सदस्य तुलबहादुर बुढाथोकी, ढोरपाटन स्पोर्ट्स क्लबका उपाध्यक्ष तथा भलिबलका पूर्वराष्ट्रिय खेलाडी खेमबहादुर पुर्जालगायतले अस्ट्रेलियाको सिड्नीमा ३१ डिसेम्बरमा सम्मान गरेका थिए।



# बाङबन्धु गोल्डकपका लागि टिम घोषणा

**काठमाडौं/रास-** बाङबन्धु गोल्डकपका लागि नेपालले सोमबार टिमको घोषणा गरेको छ। बालगोपाल महर्जनको प्रशिक्षणमा रहने टिममा उपेन्द्रमान सिंह गोलकिपर प्रशिक्षक तथा विराटजंग साही टिम म्यानेजर रहनेछन्।

नेपाली टिममा एलेन न्यौपाने, अमृत चौधरी र विकेश कुथु गोलकिपरका रूपमा टिममा छनोट भएका छन् भने आदित्य चौधरी, अनन्त तामाङ, विराज महर्जन, देवेन्द्र तामाङ, कमल श्रेष्ठ, मानबहादुर तामाङ र रविन श्रेष्ठ डिफेन्डरका रूपमा टिममा छनोट भएका छन्।

त्यस्तै, मिडफिल्डरतर्फ अन्जन विष्ट, विक्रम लामा, विशाल राई, हेमन गुरुङ, जगजित श्रेष्ठ, जंगबु शेर्पा, प्रकाश बुढाथोकी र सुनिल बलले स्थान बनाए। फवार्डमा रन्जन विष्ट, सुमन लामा, नवयुग श्रेष्ठ र विमल घर्तीमगर छानिए। नेपालले समूह 'ए'अन्तर्गत साविक विजेता मलेसिया आयोजक बंगलादेश र श्रीलंकाविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

# बराबरीमा रोकियो रियल



**म्याड्रिड/एजेन्सी-** स्पेनिस ला-लिगाको तेस्रो स्थानमा रहेको रियल म्याड्रिड दुई पटकको अग्रता जोगाउन नसक्दा भ्यालेन्सियासँग २-२ को बराबरी खेल्न बाध्य भएको छ।

आइतबार राति भएको खेलमा १० खेलाडीमा सीमित रियल म्याड्रिडले भ्यालेन्सियासँग २-२ गोलको बराबरी खेल्यो। कोभाकिकले रातो कार्ड पाएपछि रियल म्याड्रिड अन्तिम २२ मिनेट १० खेलाडीमा सीमित रह्यो।

भ्यालेन्सियाको घरेलु मैदानमा भएको खेलमा रियल म्याड्रिडले १६औं मिनेटमा करिम बेन्जमाको गोलबाट अग्रता लिएको थियो। यद्यपि, पहिलो हाफकै अन्तिम समयमा घरेलु टोलीले पेनाल्टी पायो र पारेजोले बराबरी गोल गर्दै टिमलाई खेलमा फर्काए।

६८औं मिनेटमा कोभाकिकले रातो कार्ड पाए पनि रियलले ८२औं मिनेटमा ग्यारेथ बेलले गोलमार्फत खेललाई २-१ को अवस्थामा पुर्‍यायो। यद्यपि, त्यसको १ मिनेट बित्न नपाउँदै घरेलु टिम भ्यालेन्सियाले खेल पुनः बराबरीमा ल्यायो। उसका लागि पाको अल्कासर गोल गर्न सफल भएका थिए। इन्जुरी सयमा भ्यालेन्सियाले गरेको उत्कृष्ट प्रहारलाई म्याड्रिडका गोलरक्षक नाभासले असफल पारेका थिए।

बराबरीपछि रियल म्याड्रिडले दोस्रो स्थानमा रहेको बार्सिलोनासँग अंक बराबरी गर्ने मौका गुमायो। रियलको १८ खेलबाट ३७ अंक भएको छ भने बार्सिलोनाको ३९ अंक छ र उसले एक खेल कम खेलेको छ। लिग लिडर एथ्लेटिको म्याड्रिडको १८ खेलबाट ४१ अंकका साथ शीर्ष स्थानमा रहेको छ।


नेपाल सरकार
नेपाली सेना
सूनाचुरी ईमल्सन प्लाण्ट, मकवानपुर

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७२/०९/२१ गते।

१. यस कार्यालयको लागि आवश्यक पर्ने निम्न लिखित सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएको हुँदा यो सूचना आव्हान गरिएको छ।
२. बोलपत्र सम्बन्धी कागजात प्रथम पटक सूचना प्रकाशित भएको मितिले तल तालिकामा दिए अनुसारको समय भित्र तथा दस्तुर तिरी श्री सैनिक सामाग्री उत्पादन निर्देशनालय जंगी अड्डा र यस कार्यालयमा लिखित निवेदन पेश गरी खरिद गर्न सकिनेछ।
३. थप जानकारी आवश्यक परेमा यस कार्यालयको टेलिफोन नं. ०५७-६९१९२७ मा सम्पर्क गर्न सकिनेछ। साथै यो सूचना नेपाली सेनाको Website www.nepalarmy.mil.np मा समेत हेर्न सकिनेछ।

| सि.नं. | बोपलत्र/सामानको नाम | दस्तुर रु. (फिर्ता नहुने) | बैंक जमानी पेश गर्नु पर्ने रु | बोलपत्रको कागजात खरिद गर्ने समय सीमा (प्रथम पटक सूचना प्रकाशित मितिले) | बोलपत्रको कागजात बुझाउने समय सीमा (प्रथम पटक सूचना प्रकशित मितिले) | बोलपत्रको खोलुवा हुने समय (प्रथम पटक सूचना प्रकशित मितिले) | बैंक ग्यारेन्टी मान्य अवधी | बोलपत्र दर्ता गर्ने र खोलुवा गर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १. | Mineral Wax सम्बन्धी बोलपत्र | १०००/- | ३३,०००/- | ३०औं दिनको कार्यालय समयभित्र | ३१औं दिनको ११:०० बजेभित्र | ३१औं दिनको १३:०० बजे | १२० दिन | श्री बहु व्यवसाय उद्योग (पहिरन सामाग्रि शाखा) कालिकास्थान, काठमाडौं |
| २. | Plastic Role सम्बन्धी बोलपत्र | ३०००/- | १६१५९१/- | ३०औं दिनको कार्यालय समयभित्र | ३१औं दिनको ११:०० बजेभित्र | ३१औं दिनको १३:०० बजे | १२० दिन | श्री बहु व्यवसाय उद्योग (पहिरन सामाग्रि शाखा) कालिकास्थान, काठमाडौं |



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
डिभिजन सडक कार्यालय, पाल्पा
प्रकाशित मिति: २०७२/०९/२१

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति २०७२/०८/११ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं. ०८/२०७२/७३ मा उल्लेखित म्यादभित्र पर्न आएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र तपसिल बमोजिम भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (मु.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | DROPLP-3071084-2072/73-024 | Roadway Excavation, Cross & Side Drain and Structure Works on Sarbottam Cement Quarry Site Access Road (Dovan – Khursani – Palung Mainadi Road) [CH: 10+200 Km- CH: 12+000 Km], Palpa | श्री काष्ठमण्डप-उमा एण्ड कम्पनी जे.भी., काठमाण्डौ। | २४,०४१,६९२/- |

बोधार्थः सम्बन्धीत सबै बोलपत्रदाताहरु

डिभिजन प्रमख


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**